


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत १२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 26 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०७

## सञ्चार क्षेत्र बलियो भए प्रदेश सरकार पनि बलियो हुने -मुख्यमन्त्री

प्रस, वीरगंज, ११ चैत/

मुख्यमन्त्री लालबाबूराउत गद्दीले चाँडै नै प्रदेश सरकारले बढे सहयोग गर्ने बताए। मुख्यमन्त्री गद्दीले सरकारको कामकारबाईप्रति दुःख व्यक्त गरेका थिए। प्रदेश सरकारले



तस्वीरः प्रतीक

निष्पक्षरूपमा समाचार सङ्कलन गर्न सञ्चारकर्मीहरूलाई आग्रह गरेका छन्।

शुक्रवार मधेस प्रदेश मिडिया काउन्सिल, जनकपुरले वीरगंजमा आयोजना गरेको सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माणसम्बन्धी एक दिने सुझाव सङ्कलन गोष्ठीमा उनले सञ्चार क्षेत्रलाई व्यवस्थित तथा सञ्चारकर्मीलाई दक्ष बनाउन प्रदेश सरकार अगाडि बढेको बताए।

उनले सञ्चार गृह तथा सञ्चार क्षेत्र बलियो बनेमा मात्र प्रदेश सरकार पनि बलियो हुने बताए। उनले यस क्षेत्रलाई बलियो बनाउन महासङ्घले उठाएको माग जायज भएको बताए।

मुख्यमन्त्री गद्दीले सञ्चार क्षेत्रको विकासका लागि प्रदेश सरकारले प्रदेश मिडिया काउन्सिल तथा आमसञ्चार प्राधिकरण गठन गरेको र ती दुवै संस्थासँग समन्वय गरी महासङ्घ अगाडि सञ्चारकर्मीहरूलाई स्वास्थ्य बीमा तथा राहत वा पेन्सनको व्यवस्था गर्न लागेको बताए।

कार्यक्रममा आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले सञ्चार क्षेत्रको विकासको लागि प्रदेश सरकार लागिपरेको बताए। उनले कर्मचारी अभावका कारण काम रोकिएको बताउँदै प्रदेश सरकारले कर्मचारी भर्ना गरी सो काम पूरा गर्ने बताए। उनले अहिले सञ्चार क्षेत्र समाजप्रतिको दायित्वलाई बिर्सेर पार्टीगतरूपमा अगाडि बढेकोमा दुःख व्यक्त गरे। मन्त्री साहले सञ्चारकर्मीहरूलाई कुनै पार्टीको पक्ष नलिई निष्पक्षरूपमा काम गर्न महासङ्घले पहलकदमी गर्नुपर्ने बताए। उनले आफूखुशी सञ्चार गृह स्थापना गरी रिस साध्न समाचार लेख्ने प्रवृत्ति तत्काल रोक्नुपर्नेमा जोड दिए।

उद्घाटन सत्रमा पत्रकारहरूले प्रदेश सञ्चारकर्मी तथा सञ्चार गृहलाई सहयोग गर्नुपर्नेमा उनीहरूको जोड थियो। उनीहरूले पत्रकारको भूमिकाका कारण देशमा परिवर्तन भएको, सङ्घीयता, गणतन्त्र आएको तर स्थानीय, प्रदेश तथा सङ्घ सरकारले पत्रकारहरूलाई पेल्न खोजेको आरोप लगाए।

काउन्सिलका अध्यक्ष शिवहरि भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा महासङ्घका केन्द्रीय सचिव दीपेन्द्र चौहान, आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, प्रदेश अध्यक्ष राजेश कर्ण, महासचिव श्याम बन्जारा, आरसी यादव, अनुप तिवारी, रेशम तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन काउन्सिलकी सदस्य वन्दना झाले गरेकी थिइन्।

कार्यक्रममा बारा, पर्सा, रौतहटका सञ्चारकर्मीहरूको सहभागिता थियो।

## भोजपुरी प्रतिष्ठानद्वारा 'भाव भोजपुरी' कार्यक्रम

प्रस, वीरगंज, ११ चैत/

भोजपुरी प्रतिष्ठान, वीरगंजले पुस्तान्तरण तथा मौसम अनुसारको लोक गीत–सङ्गीतको आयोजनतर्फ भोजपुरी लोकगायक शोद्धा यादवले बताए।

कार्यक्रममा प्रतिष्ठानका



तस्वीरः प्रतीक

शुक्रवार प्रतीक दैनिकको कार्यालयमा 'भाव भोजपुरी' कार्यक्रम गरेको छ।

प्रतिष्ठानका अध्यक्ष उमाशङ्कर द्विवेदीको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मा र भोजपुरी लोकगायक शोद्धा यादवले गरेका थिए।

शर्माले भोजपुरी लोक गीत–सङ्गीतको प्रतिष्ठानलगायत सबैको ध्यानाकर्षण हुनुपर्ने जोड दिए। गायकद्वय शोद्धा यादव तथा छोटु यादवले चैतावर तथा विभिन्न भोजपुरी लोकगीत र जालन्धर यादवको ढोलकको गुञ्जले माहोल भोजपुरीमय भएको थियो। 'धरती के गमके चैत महिनवा'लगायतका थुप्रै भोजपुरी लोकगीतहरूको संरक्षण हुनुपर्ने कार्यकारिणीसभा सदस्य रितेश त्रिपाठी, ऋतुराज, उदयराज शर्मा, शीतल गौतम, दीपकराज शर्मा, अरविन्द सिंह, मोहन दास, महेश राम, राजेश मिश्रलगायतको सहभागिता थियो।

वीरगंज टिभीका दीपक कुशवाहाले कार्यक्रमको प्रत्यक्ष प्रसारण गरेका थिए।

## ठोरीलाई मधेस प्रदेश सरकारद्वारा पर्यटकीय क्षेत्र घोषणा

चिरञ्जीवी सापकोटा, ठोरी, ११ चैत/

मधेस प्रदेश सरकारले पर्साको ठोरी गाउँपालिकालाई प्रदेशकै पहिलो पर्यटकीय क्षेत्र घोषणा गरेको छ।

शुक्रवार ठोरी गाउँपालिका वडा नं २ को गणेशमान सिंह राईधारामा आयोजित घोषणासभामा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले ठोरी गाउँपालिकालाई पर्यटकीय क्षेत्र घोषणा गरेका हुन्।

ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा गर्नुपूर्व ठोरी जङ्गल रिसोर्टमा प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठक बसी ठोरीलाई मधेस प्रदेशको पहिलो पर्यटकीय क्षेत्र घोषणा गर्ने निर्णय गरिएको थियो।

ठोरीलाई मधेस प्रदेशको पहिलो पर्यटकीय क्षेत्र घोषणा गर्दै १० करोड रुपैयाँ बजेट विनियोजन गर्ने निर्णय मन्त्रिपरिषद्को बैठकले गरेको मुख्यमन्त्री गद्दीले बताए। घोषणासभामा मुख्यमन्त्री गद्दीले ठोरीमा पर्यटकहरूलाई लोभ्याउने धेरै स्थान भएकाले मधेस प्रदेश सरकारको पहिलो रोजाइमा ठोरी परेकोसमेत बताए।

## नारायणी अस्पतालमा सिटी स्क्यान सञ्चालन

प्रस, वीरगंज, ११ चैत/

नारायणी अस्पताल वीरगंजमा तीन वर्षदेखि बन्द रहेको सिटी स्क्यान सेवा पुनः सुचारु भएको छ। नेपाल सरकारको अनुदानमा आएको सिटी स्क्यान मेशिन जडान भएर सेवा दिन थालेको अस्पतालले जनाएको छ।

अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहका अनुसार टेन्डरमार्फत खरीद गरिएको सिटी स्क्यान जडान भएर सेवा शुभारम्भ गरिएको हो। उनका अनुसार मूअकबाहेक रु ४ करोड ३४ लाखमा टेन्डर प्रक्रियाबाट खरीद गरिएको '८० स्लाइस' क्षमताको सिटी स्क्यान शुरू भएको हो। उक्त सिटी स्क्यान काठमाडौंको लुम्बिनी हेल्थकेयर प्रालिबाट खरीद गरिएको हो।

सिटी स्क्यान सेवा सञ्चालन नहुँदा नारायणी अस्पतालले सिटी स्क्यानकै लागि बिरामीलाई अन्य अस्पतालमा रेफर गर्थ्यो। अब सो कार्य रोकिएको तथा नारायणी अस्पतालमा सस्तोमा सिटी स्क्यान हुने भएकोले अन्य अस्पतालका बिरामीहरू पनि नारायणी अस्पतालमा आउने अस्पताल प्रशासनको दाबी छ।

अन्य अस्पतालभन्दा नारायणीमा रु एक हजार कम शुल्कमा सिटी स्क्यान हुने भएकोले आगामी दिनमा सिटी स्क्यान गराउनेहरूको चाप बढ्ने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले जानकारी गराए। उनका अनुसार बाहिरका अस्पतालले टाउकोको सिटी स्क्यान रु चार हजार ३०० मा गर्छन् भने नारायणी अस्पतालमा उक्त सेवाको शुल्क


तस्वीरः प्रतीक

रु तीन हजार ५०० रहेको छ।

त्यसैगरी, छाती र पेटको सिटी स्क्यान अन्य अस्पतालमा साढे छ हजारदेखि सात हजार रुपैयाँमा हुने गरेकामा नारायणी अस्पतालमा साढे पाँच हजारमैं हुन्छ।

यसअघि, स्वास्थ्य विभागले २०७१ सालमा दिएको १६ स्लाइसको सिटी स्क्यान २०७५ सालमा बन्द भएको थियो। सिटी स्क्यान मेशिन नहुँदा दैनिक ५–१० जना बिरामी सिटी स्क्यान गराउनकै लागि वीरगंजका निजी अस्पताल चहार्नुपर्ने समस्या थियो।

**आकस्मिक कक्षमा पनि प्रयोगशाला स्थापना**

नारायणी अस्पताल, वीरगंजको आकस्मिक कक्षमा छुट्टै प्रयोगशाला सञ्चालनमा आएको छ।

आकस्मिक शाखाका डा दीपक चौरसियाका अनुसार पछिल्लो चार वर्षदेखि अस्पतालको पश्चिमपट्टि रहेको क्वार्टरनजीकको प्रयोगशालाबाट सेवा दिंदै आए तापनि आगामी दिनमा बिरामीहरूको सुविधालाई मध्यनजर गर्दै आकस्मिक कक्षमैं बिरामीहरूको लागि छुट्टै प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

उनले आकस्मिक कक्षमा दैनिक डेढ सयदेखि दुई सय बिरामीको तुरुन्तै प्रयोगशालासम्बन्धी रिपोर्ट चाहिने भएकोले आकस्मिक कक्षमैं ल्याब स्थापना गरिएको प्रस्ट पारे।

## मानव सेवा आश्रमको भवन शिलान्यास

प्रस, वीरगंज, ११ चैत/

मुख्यमन्त्री लालबाबूराउत गद्दी, सांसद प्रदीप यादव र वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले शुक्रवार वीरगंजमा संयुक्तरूपमा मानव सेवा आश्रमको भवनको शिलान्यास गरेका छन्। शिलान्यास कार्यक्रममा मुख्यमन्त्री गद्दीले आश्रमका लागि रु ३० लाख बजेट छुट्याइएको जानकारी गराए।

कार्यक्रममा सांसद यादवले आगामी बजेटमा मानव सेवा आश्रमको भवनको लागि बजेट छुट्याउने बताए।

नगरप्रमुख सरावगीले सडकमा अलपत्र बेसहारा मानवहरूको व्यवस्थापनको दायित्व तीनवटै तहको रहेको बताए।

आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले रु १८ करोडको लागतमा तीन वर्षभित्र भवनको निर्माण कार्य सम्पन्न हुने जानकारी गराए। सो भवन रेम्ड अर्थ प्रविधि (गर्मीमा चीसो र जाडोमा न्यानो)मा निर्माण गरिने उनले


शिलान्यास गर्दै मुख्यमन्त्री गद्दी (बीचमा), सांसद यादव (बायाँ) र नगरप्रमुख सरावगी (दायाँ)। तस्वीरः प्रतीक

जानकारी गराए। १८ कट्ठा जमीनमा भान्साघर, तालीम हल, सहयोगापेक्षीहरू राख्ने कोठा, हेरचाहमा खट्नेहरूको लागि आवास निर्माण गरिने जानकारी गराए।

२०७४ जेठ १५ गते वीरगंजमा स्थापना भएको मानव सेवा आश्रममा अहिले ६२ जना आश्रित रहेको आश्रमका संरक्षक प्रकाश थारूले जानकारी गराए।

## सातजना महिलासहित ७५ जनाद्वारा रक्तदान


तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, ११ चैत/

'रक्तदान, जीवनदान, महाकल्याण' नाराका साथ सिम्रौनगढ नगरपालिका–७ बसपार्कमा शुक्रवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, उपशाखा, सिम्रौनगढको आयोजनामा भएको रक्तदान कार्यक्रममा सातजना महिलासहित ७५ जनाले रक्तदान गरेका थिए। शान्तिदेवी नुनिया, मञ्जुलता कुशवाहा, रमेशप्रसाद कुशवाहा, सुबोध कुमार, चन्दन जयसवाल, मुकेश मेहता, रञ्जनकुमार राजन, फूलपतिदेवी मुखिया, सन्ध्या देवी, ज्योति कुशवाहा, रामचरण कुशवाहा, सुभाषप्रसाद कुशवाहा, दिनबन्धुप्रसाद कुशवाहा लगायतले रक्तदान गरेका थिए।

उपशाखाका अध्यक्ष शम्भु कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा सिम्रौनगढ नपाकी उपप्रमुख

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**ज्ञान मनुष्यको परम मित्र हो, मूर्खता उसको निकृष्ट शत्रु हो ।**

**– टेम्पिल**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

# सुशासनको माग

**शासन नै नभएको मुलुकमा सुशासनको आस गर्नु हास्यास्पदजस्तो देखिन्छ । तर समयक्रममा मानिसमा ज्ञान, बुद्धि जाग्रत हुँदै जाँदा समाजले पनि यथोचित परिवर्तन अङ्गीकार गर्नुपर्छ । हामीले हेर्दाहेर्दै नेपाली समाजमा आमूल परिवर्तनहरू भएका छन् । केही विकासजन्य, जसले तत्कालका लागि विकृतिलाई निम्त्याएको छ भने, त्यसको निराकरणको लागि मानिसमा सचेतना जागेसँगै समाजले विवश भएर परम्परागत सोचमा परिवर्तन ल्याउनुपरेको छ। हिजो शिक्षालाई साक्षरसम्म यथेष्ठ ठान्ने समाज आज सबैका लागि शिक्षा भन्ने चेतनासम्म पुगेको छ। शिक्षाको प्रसारसँगै केही बेथितिहरू जन्मेका छन्, जुन वास्तवमा बेथिति त होइन, तर समाजको रूढिवादी सोचले बेथिति बनाएको हो, बिस्तारै हट्दै गएको छ। त्यसैगरी, स्वास्थ्य क्षेत्रमा पनि चेतना जागरण भएसँगै अब जनस्तरमा रोगको उपचार गर्नुभन्दा रोग लाग्नै नदिने वातावरण बनाउने सोच विकसित भएको छ, जसलाई करबलले भएपनि समाज स्वीकार गर्न बाध्य भएको छ। सडकहरूको विस्तार भइरहेको छ, विभिन्न विधाका शिक्षालयहरूले उच्चतम शिक्षा दिइरहेका छन् ।**

**मानव जातिको लागि मूल समाज हो । समाजमा परिवर्तनको गतिलाई सरकारले तीव्रता दिने हो । सरकार एक किसिमले सामाजिक प्रक्रियालाई तीव्र बनाउन काटालाइसिक (उत्प्रेरक)को काम गर्ने तत्त्व हो । सरकारको सक्रियता वा निष्क्रियताले समाजको क्रियाकलाप तीव्र वा मन्द हुने मात्र हो, रोकिने चाहिं होइन । जब कुनै राज्यमा मानिसको चाहना र सरकारको सोचबीच अवरोध हुन थाल्छ, क्रान्तिको सूत्रपात हुन्छ । नेपाली समाजमा त्यसैले घरीघरी आन्दोलनहरू हुने गरेको हो । आन्दोलन सोच परिवर्तनको हेतु हो, तर सोच परिवर्तनको आग्रह जति भएपनि व्यक्ति परिवर्तन चाहिं हुन सकेन । जसले गर्दा समाजरूपी रथलाई बिस्तारै तान्दै पुरानै लिकमा लग्ने काम भइआएको छ। भनाइको अर्थ समाजमा परिवर्तन मन्द गतिमा छ । सरकार सक्षम र प्रगतिशील छ भने समाज ह्वात्त अघि बढछ। आज देशमा जति कामहरू भएका छन् र भइरहेका छन्, त्यसले नेपाली समाजको रूपान्तरण अवश्यमेव हुनुपर्ने थियो, तर सरकारको पङ्गुपनले हुन सकिरहेको छैन । अन्तर्राष्ट्रिय विकासको परिदृश्यले मानिसको चाहनामा परिवर्तन आएको छ, जसको सम्बोधन हुन सकिरहेको छैन ।**

**शिक्षाले सुदूर गाउँका गरीब परिवारका बालिकासम्म पहुँच बनाएको छ, स्वास्थ्य क्षेत्रमा खुला दिसामुक्तजस्तो अभियानले निरन्तरता पाएको छ, खुला र प्रदूषित वातावरणमा बिक्री हुने खाद्यपदार्थको विरोध शुरू भएको छ, प्रदूषणका विभिन्न विधाप्रति नकारात्मक धारणाले प्रश्रय पाएर अब सवारीसाधनबाट हुने ध्वनि प्रदूषण पनि सामान्यजनको सरोकारको विषय बनेको छ। यी समाज परिवर्तनका सन्दर्भमा हेर्दा साना कुरा हुन्, तर यसले समाजलाई आफ्नो सबै परम्परामा अड्नुपर्छ भन्ने मानसिकता त्याग्न विवश बनाएको छ । राम्रो कुराको ग्राह्यतालाई सहज बनाउन यसले दिशा प्रदान गरेको छ । त्यसैले सरकारले जनतालाई सेवा नदिने कर्मचारीमाथि कारबाई गर्न तम्सनुपर्छ। विकास निर्माण कार्यमा भइरहेका अनियमितता रोक्न पनि सरकार कठोर हुनै पर्छ । अनि मात्र सुशासनको आभास हुन थाल्छ । सुशासन कायम भयो भने ठूला समस्या आँखा झिमिक्क पार्दा टर्ने वातावरण**

# सरकारी नीतिले गर्दा नै नेपाल गरीब

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**जबसम्म कृषिमा प्रचुर उत्पादन हुँदैन, तबसम्म नेपालको समृद्धि बकवासबाहेक केही पनि होइन भन्ने कुरो अब सबैले बुझ्न जरुरी छ। देश प्राकृतिक सम्पदाले धनी भएपनि सरकारी भ्रष्टाचार तथा कमिशनमुखी नीतिले गर्दा नेपाल गरीब भएको छ।**

नेपाल कृषिप्रधान देश हो भन्ने कुरा सुनेको र पढेको तीन पुस्ताभन्दा बढी भइसकेको छ। यसबीचमा दुनियाँले धेरै विकास गर्न भ्याएको छ। हाम्रै छिमेकी भारत र चीनले के कति विकास गरेका छन्, त्यो हाम्रो सामुन्ने स्पष्ट नै छ तर हामी नेपालीहरू केवल पुस्तकको हरफहरूमा विकास शब्द लेखेर तथा पार्टीको चुनावी घोषणापत्रहरूमा विकासबारे हावादारी कुरा छापेर साथै सार्वजनिकरूपमा नेताहरूद्वारा गरिने विभिन्न बेलामौकाको भाषणहरूमा सुन्दर सपनाको रूपमा विकासलाई भट्याउनेबाहेक अरू केही नगरेको तथ्य जगजाहेर नै छ।

जहाँसम्म नेपालमा आधुनिक कृषि विकासको सुरुआत कहिलेबाट के कसरी भयो भन्ने सवाल छ, त्यसमा हामी यसको श्रेय निरङ्कुश जहानियाँ राणाशासनका प्रवर्तक तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणालाई नै दिनुपर्ने देखिन्छ। किनकि विसं १९०७ तिर बेलायत र फ्रान्सबाट फलफूल तथा अलङ्कारिक बोटबिरुवा, क्लोभर घाँसको बीउ, जर्सी साँढे र केही जर्सी गाई जङ्गबहादुरले नै युरोपबाट नेपाल भित्र्याएको विश्वास गरिन्छ। त्यसपछि कृषि विकासको क्रमलाई अगाडि बढाउने राणा प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेर देखिन्छन्। यिनले सर्वप्रथम विसं १९७८ मा कृषि अड्डाको स्थापना गरेका हुन्। त्यसैगरी, चन्द्रशम्शेरले विसं १९८४ मा पहिलोचोटि सप्तरी जिल्लामा चन्द्र नहर निर्माण गरेका हुन्। वास्तवमा चन्द्र शम्शेरले चारखालमा कृषि अड्डाको स्थापना गरेर कृषि विकासको लागि संस्थागत विकासको सुरुआत सरकारीस्तरबाट गरेको देखिन्छ। त्यसपछि विसं १९८२ मा कृषि अड्डालाई कृषि विभागमा परिणत गरिएको थियो। साथै सिंहदरबार परिसरमा कृषि प्रदर्शनी फार्मको समेत स्थापना गरियो। विसं १९९० को महाभूकम्पको कारण हुन गएको खाद्यान्न सङ्कट समाधानको लागि कृषि विभागका निर्देशकको अध्यक्षतामा कृषि परिषद्को गठन, कृषि फार्महरूको सर्वेक्षण तथा स्थापनासमेत शुरू भएको देखिन्छ।

विसं १९९७ मा श्री ३ जुद्धशम्शेरको पालामा ताहाचलमा सदर एक्सपेरिमेन्टल फार्ममा परीक्षणको रूपमा केही तरकारीका बीउ उत्पादन गरी जुद्ध सडकस्थित बीज भण्डारबाट बिक्री शुरू गरिएको थियो। विसं १९८२ मा गठन गरिएको कृषि विभाग तथा विसं १९९४ मा गठन गरिएको कृषि परिषद् दुवैलाई गाभेर कृषि विकास समिति गठन गरियो, जुन विसं २००८ सम्म काम गरेको देखिन्छ।

विसं २००४ मा कृषि अनुसन्धानका लागि सर्वप्रथम परवानीपुरमा सेन्ट्रल एक्सपेरिमेन्टल एन्ड रिसर्च फार्म तथा नुवाकोटको ककनीमा कृषि फार्म स्थापना गरिएको थियो। यही बेलामा छाउनी, गोदावरी तथा बालाजुमा फलफूल नर्सरी र परीक्षण बगैंचा स्थापना गरी सरकारीस्तरबाट बागवानी विकासको सुरुआत भएको देखिन्छ। यसका साथै भारतको मोतिहारीबाट विभिन्न जातका पाँच हजार माछाका भुरा ल्याइ सानो टुँडिखेलको पोखरीमा छोडी आधुनिक मत्स्यपालनको सुरुआत गरिएको थियो। त्यसैगरी, विसं २००९ मा जापानी पर्वतारोहीहरूद्वारा ह्वाइट नेक जातको मूला ल्याइ वितरण गरेपछि तरकारी विकासको लागि नयाँ जातको प्रवेश शुरू भएको देखिन्छ। यही बेलामा पाकिस्तानबाट रेड सिन्धी गाई र साँढेहरू ल्याउनुका साथै रसुवाको लाङटाङमा याकको दूधबाट चिज बनाउने पहिलो कारखाना खोलिएको थियो। यसरी विसं २०१० देखि त्रिभुवन ग्राम विकास कार्यक्रमको मुख्य अङ्गको रूपमा योजनाबद्ध र संस्थागत तवरले कृषि प्रसार कार्यक्रमको थालनी भयो। २०१९ मङ्सिर २२ मा कीर्तिपुर बागवानी केन्द्र तथा पुस १९ मा गोदावरी मत्स्य विकास केन्द्र उद्घाटन भएको थियो। विसं २०२० मा पोखरा बागवानी केन्द्र तथा विसं २०२१ मा खुमल कृषि फर्मको स्थापना भयो। २०२२ सालमा खाद्य व्यवस्था संस्थान तथ कृषि सप्लाई संस्थानको स्थापना गरियो। विसं २०२३ मा पाँच विभागको अवधारणा अन्तर्गत कृषि प्रसार, मत्स्य, फलो धान, पशु स्वास्थ्य र कृषि शिक्षा तथा अनुसन्धान विभाग निर्माण गरियो।

विसं २०३० मा कृषि तथा खाद्यान्न मन्त्रालयमा सिंचाइसमेत गाभी खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय नामकरण गरियो। विसं २०३१ मा कृषि खरीद–बिक्री संस्थान र नेपाल खाद्य संस्थानलाई कृषि सामग्री संस्थानमा परिणत गरी १० वर्षे कृषि विकास योजना तर्जुमा गरियो। विसं २०३५ मा व्यावसायिक कफीखेतीको सुरुआत गुल्मी, पाल्पा तथा अर्घाखाँजी जिल्लाबाट गरियो। विसं २०३६ मा कृषि विभागबाट पशु विकास तथा पशु स्वास्थ्य विभाग अलग गरियो। विसं २०३८ मा सिन्धुली तथा रामेछाप जिल्लामा विशेष जुनार उत्पादन कार्यक्रम शुरू गरियो। २०५२ असार ५ गतेको निर्णयले पुनः कृषि विकास विभाग विभाजन भई कृषि विभाग, पशु सेवा विभाग, केन्द्रीय खाद्य अनुसन्धानशाला स्थापना गरियो। विसं २०५७ मा प्रशासन सुधार प्रतिवेदनको आधारमा कृषि मन्त्रालयको नाम पाँच महाशाखासहित कृषि तथा सहकारी मन्त्रालय कायम गरियो। विसं २०६० मा कृषि विभागको पुनः संरचना परिवर्तन गरी १२ वटा प्राविधिक निर्देशनालय र छवटा बाली/वस्तु विशेष राष्ट्रिय कार्यक्रम कायम गरियो।

यसरी नेपालको रोजगार र आयको प्रमुख क्षेत्र कृषि रहेको भए तापनि सरकारीस्तरबाट कृषि आधुनिकीकरण गर्ने, उत्पादन बढाउने, विज्ञान तथा प्रविधिको प्रयोग बढाउने कार्यमा कहिले पनि योजनाबद्ध काम भएको देखिएन। बरु यसको ठीक उल्टो लाभलाई प्रत्यक्ष–अप्रत्यक्षरूपमा प्रमुखतामा राखेर केवल कागजी योजनाहरू जो अनुत्पादक थिए, त्यसमा मात्रै सरकारको दृष्टि पुगेको देखिन्छ। कृषिप्रधान देशमा सिंचाइको व्यापक सुविधाको लागि दिगोरूपमा व्यावहारिक कुनै योजना देखिएन। सिंचाइको नाममा छिमेकी राष्ट्र भारतसँग ठूलठूला नदीको सम्झौता गरिएको भए तापनि ती नहरहरूले अपेक्षित कार्य गर्न सकेको देखिंदैन। किसानलाई खेतमा पानी चाहिएको बेला नहरमा धूलो उड्ने तथा नचाहिने बेलामा बाली बिग्रिने गरी पानीले उत्पात मचाउने कामबाहेक अरू केही हुन सकेको छैन।

त्यसैगरी, कृषिप्रधान देशमा कृषि सामग्री बिक्री वितरणको कार्यालय पुनर्गठन थुप्रैचोटि गरिएको भए तापनि किसानहरूले उचित मूल्य पाउने गरी बजार व्यवस्थापनमा सरकारको दृष्टि हालसम्म पनि पुगेको देखिंदैन। यसको ठीक उल्टो किसानहरूलाई भोकभोकै राखेर बिचौलियाहरूलाई मोटाउने गरी अवसर मिल्ने बजार व्यवस्थापन सरकारले गरेको देखिन्छ। कृषिले समग्र अर्थतन्त्र धान्ने मुलुकमा रक्सी तथा चुरोट कारखाना खोल्नेतिर सरकारको ध्यान गएको देखिए पनि कृषि कर्ममा नभई नहुने रासायनिक मलको कारखाना खोल्नेतिर पटक्कै ध्यान नगएको देखिन्छ। खेती किसानीमा लागेका किसानहरू जो आर्थिकरूपमा विपन्न थिए र छन् पनि तिनीहरूलाई मान्छे नै नगन्ने, अनपढ, गँवार भनेर सम्बोधन तथा तुच्छ व्यवहार गर्ने जस्ता कार्यले कृषि पेशा नै सम्मानित हुन सकेन। देशमा विदेशी सहयोगमा खुलेको कृषि औजार कारखानासमेत बन्द गरेर बेरोजगारीको लामो ताती बनाएर सरकार अनपेक्षित मृत्युको राहदानी बाँड्दै छ। जबसम्म कृषिमा प्रचुर उत्पादन हुँदैन, तबसम्म नेपालको समृद्धि बकवासबाहेक केही पनि होइन भन्ने कुरो अब सबैले बुझ्न जरुरी छ। देश प्राकृतिक सम्पदाले धनी भएपनि सरकारी भ्रष्टाचार तथा कमिशनमुखी नीतिले गर्दा नेपाल गरीब भएको छ।

# चिनियाँ विदेशमन्त्री राजधानीमा



तस्वीरः रासस

काठमाडौं, ११ चैत/रासस

चीनको राज्यपरिषद् सदस्य एवं परराष्ट्रमन्त्री वाङ यी १९ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै नेपालको त्रिदिवसीय भ्रमणमा भारतको नयाँ दिल्लीबाट शुक्रवार राजधानी आइपुगेका छन्।

चिनियाँ विशिष्ट अतिथि वाङलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्र सचिव भरतराज पौड्याल, नेपालका लागि चिनियाँ राजदूत हउ यान्छी, शिष्टाचार महापाल डा दुर्गाबहादुर सुवेदी, परराष्ट्र मन्त्रालय र यहाँस्थित चिनियाँ दूतावासका उच्च अधिकारीहरूले स्वागत गरेका थिए।

भ्रमणाका क्रममा चीनका विदेशमन्त्रीले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीद्वय केपीशर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डलाई बेग्लाबेग्लै भेट्ने कार्यक्रम छ भने नेपाल र चीनका परराष्ट्रमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलबीच शनिवार द्विपक्षीय वार्ता हुनेछ।

परराष्ट्रमन्त्री डा नारायण खड्का नेतृत्वको प्रतिनिधिमण्डलमा परराष्ट्र, अर्थ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, गृह, ऊर्जा, जलस्रोत तथा सिंचाइ, कृषि तथा पशुपक्षी विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण, भौतिक पूर्वाधार तथा यातायात, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवलगायत सहभागी हुनेछन्।

विदेशमन्त्री वाङ नेतृत्वको प्रमण्डलमा नेपालका लागि चीनका राजदूत हउ यान्छी, चीनको विदेश मन्त्रालयका सहसचिव वु जिङवाओ, वाणिज्य मन्त्रालयका सहसचिव शेङ कुपिङ, विदेश मन्त्रालयको एशियाली मामिला विभागका महानिर्देशक लिउ जेनसङ, नायब शिष्टाचार महानिर्देशक सोङ जिया र विदेशमन्त्री याङका सचिव देङ झेइ रहने परराष्ट्र मन्त्रालयले जनाएको छ।

# मोतीबिन्दुको निश्शुल्क शल्यक्रिया

प्रस, निजगढ, ११ फागुन/

निजगढस्थित तिलगङ्गा आँखा अस्पतालले हिजो बिहीवार १५० जना मोतीबिन्दुका बिरामीको निश्शुल्क शल्यक्रिया गरेको छ।

तिलगङ्गाले निजगढलगायत बारा, रौतहट र सर्लाही जिल्लाका विभिन्न स्थानबाट आएका बिरामीलाई प्राथमिक स्वास्थ्य केन्द्र, निजगढमा राखेर मोतीबिन्दुको सफल शल्यक्रिया गरेको हो। तिलगङ्गा आँखा अस्पतालका चिकित्सक गोविन्द पौडेल, सुनील थकालीलगायतको टोलीले मोतीबिन्दुको सफल शल्यक्रिया गरेको नेपाल रेडक्रस सोसाइटी उपशाखा, निजगढका सभापति नारायण शर्माले जानकारी दिए।

यसअघि निजगढलगायत बाराको जीतपुर, बडहर्वा, उत्तरझिटकैया, मधुवन, रौतहटको गुजरा र सर्लाहीको धुर्कौलीमा निश्शुल्क शिविर आयोजना गरेर अस्पतालले सर्वसाधारणको आँखा परीक्षण गरेको थियो। परीक्षणको क्रममा मोतीबिन्दु फेला परेका बिरामीहरूको आँखाको शल्यक्रिया गरिएको तिलगङ्गाका नेत्र सहायक दीपक सुवेदीले जानकारी दिए। उनले आज शुक्रवारसम्ममा तीन सयजनाको मोतीबिन्दुको शल्यक्रिया गर्ने लक्ष्य रहेको जानकारी दिए।



शल्यक्रिया भएका बिरामीहरूलाई औषधिबारे जानकारी दिंदै चिकित्सक। तस्वीरः प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५ | २०७८ चैत १२ गते शनिवार | 2022 March 26 Saturday



# निश्शुल्कमा विशेष छुट !

अचम्म त त्यत्तिखेर लाग्यो, जतिखेर उसले प्रश्न गऱ्यो कि निश्शुल्क त सबैलाई भयो तर हामीलाई विशेष सुविधा किन दिइएन ?

व्यङ्ग्यम्



सञ्जय मित्र

mitrasanjay41@gmail.com

**नपाउने त कोही थिएनन् । जब गाउँमा कसैले केही निश्शुल्क बाँड्न थाल्छ, तब सरकारी धन भन्ठानेर अधिकार ठान्नेहरू सबै भइहाल्छन् । जति चित्त बुझाए पनि केहीको चित्त बुझ्दैन । उनीहरू अझै पनि हल्ला गर्दैछन् ।**

कुरो अलिक पुरानो हो। अधिकार खोज्ने बेला थियो। सबैले जतातते अनेक आधार खोज्ने र त्यस आधारमा अधिकार खोज्ने गर्थे । अधिकार खोज्नलाई आधार भए पुग्छ । अधिकारलाई पनि आधार चाहिने रहेछ। निराधार त अधिकार पनि हुन सक्दैन।

बाउको धन नखाने किरिया खाएको एक साउले साउने झरीमा बाउ परमधाम प्रस्थान गरेपछि बाउको धन दानमा प्रदान गर्न थालेछन्। उसको मान्यता थियो अक्षमले मात्र बाउको धन हजम गर्छ। सक्षमले आफ्नै परिश्रम खान्छ।




मनको घाउ निको पार्न साउले बाउको सम्पत्ति दुवै दम्पती पहिलेको रीति भाँड्नलाई बाँड्न थालेछन् । सित्तैमा पाए त अलकत्रा पनि खाने हाम्रो समाज न हो। सबै सर्जाम ठीकठाक पारेपछि टिकटकका एक भिखारीबाट कार्यक्रमको उद्घाटन गराएछन् । भिखारीलाई भनिएछ- सक्ने जति बोक अनि कुलेलम ठोक।

नियम नै यही बन्यो।

स्टक रहुन्जेल पटकपटक नगरी एकपटकमा जति बोक्न सक्यो बोकेर जाने। दोहोऱ्याएर आउन नपाउने।

घरको छेउमा बारीनेर बाँसघारी छ । बाउको सबै सम्पत्ति बेचेर अन्न किनेछन्। किनिएको अन्न टन्न भएछ। त्यो टन्न अन्न चामल थियो । घरको लागि सामल थियो । त्यहीनेर ठूलो अक्षरमा लेखिएको छ- चाहिए जति लानुहोस्।

कार्यक्रम शुरू भयो। भन्नुको मतलब जसलाई जति चाहिएको थियो, उसले त्यति लान शुरू गरे।

बोरामा चामल अनि झोलामा आलु, मसुरोको दाल, नूनको पोका यस्तै जे जे मन लाग्थ्यो, लैजान पाउने पूरा छुट थियो।

शर्त थियो- दोहोऱ्याएर कोही आउन नपाउने अर्थात् दोहोऱ्याएर कोही सामान लैजान नपाउने। अन्यथा अर्थ नलागेमा चाहिए जति लानुहोस् तर एकपटक मात्र।

बडा गज्जबको तरीका अपनाइएको थियो। सकी नसकी चामल र सामलको भारी बोकी कुलेलम ठोकी खोज्नेहरूको अनुहारमा रातो वा कालो रङ्ग पोतिन्थ्यो। हो, चुनावको बेला नङमा लगाइने रङको नमूना जस्तै।

दुईथरीका रङको ढङ्ग किन बन्दोबस्त गरिएको थियो भने कोही भन्दथे कि रातोदेखि मलाई एलर्जी छ भने कोही भन्दथे कि कालोदेखि मलाई एलर्जी छ। कुनै एक रङले आफ्नो अनुहार एक ढङ्गको बनाउन पाउँथे। रातो अनुहार हुने बाँदर र कालो अनुहार हुने ढेडु भनेझैं अनुहारहरू रङ्गिँदै गए।

खीर खाने वीरलाई गुलियोको पीर ? भनेझैं कतिपय नारी रङ्गीबिरङ्गी सारीमा सामलको भारी बोकेर अनुहारमा कालो पोती घरतिर आएका थिए । कतिपय पुरुष चाहिं कुर्ताको सुर्ता नगरी आफ्नो दामी अनुहारमा नामी कालो पोतेर भारीको सुनामी बोकी आफैंलाई थिच्दै, आफ्नो बलको सीमालाई मिच्दै घरतिर आएका थिए। दिउँसो हुँदै जाँदा गाउँमा बढो रमाइलो दृश्य हुँदै गएको थियो। गाउँको अनुहार नै रातो र कालोमा बदलिएको थियो। गाउँमा मानौं कालो अनुहारले कसैको विरोध गरेको थियो भने रातो अनुहारले क्रान्ति गरेको थियो। अनुहारको मामिलामा गाउँमा साम्यवाद आएको थियो। बच्चा, बूढा अनि जवान सबैको अनुहार दुई समान।

कोही किन अनुहार धोइरहेका थिएनन्। एक कारणले अनुहारमा रङ धारण गरेका थिए सबैले। कारण थियो- पोतिएको अनुहारमध्ये उत्कृष्ट दश अनुहारलाई अकल्पनीय पुरस्कार दिइनेछ।

कालो रङ मन पराउने एउटाले अनुहार पोताउने बेलामा बखेडा झिक्यो। उसको भनाइ थियो- जानीजानी मेरो अनुहारमा हल्का कम कालो पोतेको हो। अनुहार पोत्ने मानिसलाई बर्खास्त गर्नुपऱ्यो। अनुहार कालो बनाउनमा उसले विभेद गरेको हो, राजनीति गरेको हो। आफ्नो मानिसलाई बढी कालो अनुहार बनाउने गलत मनसाय राखेको हो।

त्यहाँ ऐना थिएन। तर पनि उसलाई कसरी थाहा भयो कि उसको अनुहारमा कालो पोत्न विभेद गरेको हो ? सोध्दा उसले जवाफ दियो- आफ्नो अनुहार म आफैं देख्छु। एकचोटि कालो पोतेर मेरो अनुहार कालो भएन। कम्तीमा दुईचोटि मेरो अनुहार पोत्नुपर्छ। हैनभने आफ्नै मुहारमा कालो दल्ने व्यवस्था हुनुपर्छ।

मनसाय स्पष्ट थियो- अकल्पनीय पुरस्कार आफूले पाउनुपर्छ।

अर्को एकजना अलिक लम्केर करायो बम्केर- चम्केर हुँदैन। निश्शुल्क अन्न उसले टन्न लान पाएको छ, जो खूब खाएको छ। जन्मनुभन्दा पहिलेदेखि नै पेटभरि खान नपाएकाहरूले न त खोक्न पाएका छन् र न त बोक्न नै। निश्शुल्क वितरणको अवतरण समावेशी हुनुपर्छ।

म्याउटे बोलीका ख्याउटेले बोल्यो। सबैले उसलाई भन्ने गर्दथे- बोल्यो कि पोल्यो। आफ्नो भागको उसले आगो ओकल्यो, त्यसरी जसरी बान्ता गर्दा पेटको प्रिय भोजन धरणीमा समिट गर्छन् सर्वसाधारण। "बालबालिका, बिरामी, दलित र सुत्केरीको लागि निश्शुल्क छुटमा विशेष लुटको व्यवस्था गर्नुपर्छ।"

छुटमा लुट त पहिलेदेखि सुनेको थिएँ। निश्शुल्कमा पनि छुट हुनुपर्ने । चाहिए जति लानुहोस् भन्दा पनि समावेशी हुनुपर्ने । अयोग्यलाई ठाउँ नदिएको रे, वञ्चित गरिएको रे।

चाहिए जति लानुहोस् कार्यक्रममा बलियोले बोक्छ र निर्धोले खोक्छ। यहाँ बुद्धिभन्दा बल बलियो हुन्छ। यस कारण बुद्धिको शुद्धि हराउँछ र बुद्धिले केवल कराउँछ तथा बोक्नदेखि डराउँछ। जो डर गया सो मर गया। र शहरमा रहरले डरको कहर कसैले पाल्दैन, गाउँमा कसैले फाल्दैन।

चार बुद्धिवालले जति एक्लो बलबालले आरामले बोकेर नजीकै पुगी बुद्धिवालसित जिस्क्यो- खूब भन्थिस्, बलभन्दा बुद्धि ठूलो हुन्छ, तेरो बुद्धिले बोकेर देखा । बुद्धिले गर्न नसकेको काम बलले मात्र गर्न सक्छ।

निश्शुल्कमा पनि विशेष छुट र समावेशीको नाममा आरक्षण मागेको कुरो अपूरो भएपनि चुरो नै पुग्यो साउकोमा। साउले संवादकलाई भने- मेरा बाउ सरकारी थिएनन्, प्राइभेट थिए। अनि किन सरकारी आरक्षण र समावेशीको कुरो ?

कि मेरो बाउलाई कसैले आरक्षित बाउ वा समावेशी बाउ, समानुपातिक बाउ मानेका छन् ? बाउको पाउ धरणीमा रहुन्ज्याल कुनै स्यालले ख्यालख्यालमा पनि ऱ्याल काढेको सुनेको छैन । म आफ्नो बाउको आर्जन वितरण परिमार्जन गर्दिनँ। बुबाको इच्छा हो, कसैको भिक्षा होइन यो।

संवादकले गएर यही कुरो बतायो- कतैबाट घोकेको कुरा यहाँ नखोके हुन्छ, सकेको नबोके कुलेलम ठोके हुन्छ।

दानको मान गर्न हो कि आफ्नै सम्मानको अपमान गर्न हो, समावेशी लुट गर्न खोज्नेहरू धुरुधुरु रोएनन्, लुरुलुरु लस्किए एकातिर । कुन ठाउँमा कुन दाउ लगाउँदा शेषमा रहेको विशेष पुरस्कारको उपहार पर्ला भन्ने सोच्दै।

अकल्पनीय पुरस्कारको कल्पना सपनामा पनि नगर्नेको पुर्पुरोमा पऱ्यो। नौजना अभागीले त उब्रेको चामल, मोटरसाइकल, गाई, गोरु, रकम, चाँदी, सुन, खेत र घडेरी पाए। जो सबैभन्दा कालो थियो, अभागीहरूमा पनि अभागी थियो, उसले पायो दाताको बाउको भव्य भवन। अनि भयो एकाएक भाग्यमानी। अभागीले भाग्य पाउँदा पनि विश्वास गर्दैन।

पहिलेदेखि गाउँमा एउटै धनी थियो उसको बाउ। अब दुई धनी भए- बाँड्ने र माग्ने।

नपाउने त कोही थिएनन् । जब गाउँमा कसैले केही निश्शुल्क बाँड्न थाल्छ, तब सरकारी धन भन्ठानेर अधिकार ठान्नेहरू सबै भइहाल्छन् । जति चित्त बुझाए पनि केहीको चित्त बुझ्दैन। उनीहरू अझै पनि हल्ला गर्दैछन्।

# सर्परूपी आकाङ्क्षीहरूलाई मतदाताले चिन्नुपर्छ

कथा हो, एक सर्पको । उक्त सर्प बेइमान स्वभावको थियो । किनभने उसका प्रायः समकक्षीहरू धूर्त प्रकृतिका थिए। सर्पका ती साथीहरूबीच अरूलाई बेवकुफ बनाएर आफ्नो आहारा बनाएको कुरा एकापसमा चर्चा हुन्थ्यो । यस्तो परिवेशमा हुर्कंदै यस कथाका पात्र त्यो सर्पको स्वभाव कपटपूर्ण भइसकेको थियो। छलकपट गरी अन्य जीवजन्तुलाई कसरी आफ्नो आहारा बनाउन सकिन्छ भन्ने कुरा उसको मस्तिष्कमा खेल्न थाल्यो। उसले षड्यन्त्र रच्यो । षड्यन्त्र अनुसार ऊ एक पोखरीको डिलमा गएर उदास मुद्रामा बस्यो । पोखरीमा थुप्रै भ्यागुता थिए। उनीहरू सबै आआफ्ना दिनचर्यामा व्यस्त थिए ।

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

**निर्वाचित भए वा नभए पनि जनताको सेवामा तत्पर रहनु नै राजनीतिशास्त्रको मूल सिद्धान्त हो । राजनीति लोकतन्त्रको पाङ्ग्रा हो । किनभने जसरी पाङ्ग्राविना वाहन गुड्न सक्दैन, त्यसैगरी राजनीतिविना देश चलायमान हुन सक्दैन । त्यसैले सर्परूपी आकाङ्क्षीहरूलाई मतदाताले चिन्नुपर्छ ।**




सर्पको अनुहारमा उदासी देखेर तीमध्ये एक भ्यागुतोले सर्पसँग सोध्यो, "तिमीलाई के भएको छ ? किन उदास छौ ? केही खाएका छैनौ कि क्या हो ?"

सर्पले भ्यागुतोलाई उत्तर दिंदै भन्यो, "होइन मित्र। त्यस्तो केही छैन। मलाई खाने कुराको कमी छैन। बरु म त अरू थुप्रै सर्प साथीलाई पाल्न सक्ने हैसियतमा छु। म दुःखी हुनुको कारण अर्कै छ। म आफ्नो व्यथा भनेर तिमीलाई दुःखी तुल्याउन चाहन्नँ । यद्यपि तिमीले मेरो चिन्तासँग सरोकार राख्यौ, त्यसको लागि तिमीलाई धन्यवाद दिन चाहन्छु।" सर्पको प्रतिउत्तरले भ्यागुताको मन झन् भावविह्वल भयो। भ्यागुतो सर्पको व्यथा जान्न आतुर थियो । सर्पलाई मदत गर्न चाहन्थ्यो । त्यस कारण भ्यागुतोले सर्पलाई उसको व्यथा सुनाउने आग्रह गऱ्यो । भोजपुरी एक कहावत 'जोगिया के भावे ऊ वैदा फुर्मावे' जस्तै सर्पको मनोकाङ्क्षा अनुसार भ्यागुतो मित्रवत् भावमा सर्पको समीप हुँदै गइरहेको थियो।

भ्यागुतोले जति आग्रह गर्थ्यो, त्यति नै सर्पले अनुहारमा उदासी भाव प्रकट गरिरहेको थियो । अन्ततः सर्पले पूर्वसुनियोजित कथा भ्यागुतोलाई सुनाउन थाल्यो, "मित्र, म एक भ्यागुतालाई आफ्नो आहारा बनाउनका लागि पछ्याउँदै थिए । भ्यागुतो भागिरहेको थियो । म लखेटिरहेको थिएँ । उक्त भ्यागुतो अचानक मानिसहरूको भीडमा अन्तर्ध्यान भयो। मैले धेरै प्रयत्न गरें। तर पनि ऊ फेला परेन। मलाई असह्य भोक लागेको थियो, त्यस कारण रिस उठ्यो । क्रोधमा मैले मानिसहरूको भीडमा रहेको एक बालकलाई टोकें। मेरो टोकाइले ब्राह्मणको त्यो छोरोको तत्कालै मृत्यु भयो । यो देखेर मृतक बच्चाको बुबाले मलाई श्राप दिंदै भने, "म तिमीलाई श्राप दिंदैछु, तिमी जन्मौंजन्मसम्म सर्पको जुनीबाट उन्मुक्ति पाउन सक्दैनौ ।" सर्पले श्राप फिर्ता लिनका लागि ती ब्राह्मणासँग अनुनयविनय गरेको कुरा भ्यागुतोलाई सुनायो । उन्मुक्तिको मार्ग ब्राह्मणले सुझाएको कुरा सर्पले भ्यागुतोलाई बताउँदै भन्यो, "भ्यागुताहरूको सेवा गऱ्यौ भने केही दिनमा नै तिमीले पापबाट उन्मुक्ति पाउनेछौ । उनीहरूको सेवा गरेबापत उनीहरूले जे जति दिन्छन्, त्यतिमात्र खाएर तिमीले सन्तोष गर्नुपर्छ । यदि त्यसो गरेनौ भने सात जन्मसम्म तिमीले सर्पको जुनीबाट मुक्ति पाउनेछैनौ ।" ब्राह्मणको श्रापको कारण आफू उदास रहेको कुरा सर्पले भ्यागुतोलाई बतायो। सर्पले भ्यागुताहरूको सेवक बनेर प्रायश्चित गर्ने र पापबाट छुटकारा पाउने कुरा भावविह्वल मुद्रामा प्रस्तुत गऱ्यो । सर्पको प्रस्तुतीकरणले उसको कुरा नपत्याउने कुरै थिएन। त्यस्तै भयो पनि।

सर्पको कथा सुनेपछि भ्यागुतोको आँखा रसायो। ऊ भावविह्वल भयो। सर्पलाई पर्खन भन्दै भ्यागुतो आफ्नो राजाकहाँ गयो। राजालाई सर्पको सम्पूर्ण वृतान्त सुनायो । सर्पले भ्यागुताहरूको सेवक बन्ने सम्बन्धमा राजाले मन्त्रीहरूसँग विमर्श गरे । सर्पको कथा सुनेर भावविह्वल नहुने त्यहाँ कोही पनि थिएन। तसर्थ सर्पलाई सेवक बनाउने कुरामा सबै एकमत भए । अन्ततः राजाले सर्पलाई सेवकको रूपमा बहाल गरे। कपटी सर्प प्रसन्नचित्त मुद्रामा मनमनै मुस्कुरायो। शुरूमा सर्प भ्यागुताहरू खुशी हुने कुरामा बढी केन्द्रित थियो । शरीरमा चढाउन र सयर गराउन थाल्यो। सर्पसँग मित्रता भएपछि भ्यागुताहरू गद्गद् थिए। सर्पले भ्यागुताहरूलाई खुशी पार्ने विभिन्न युक्ति गरिरहचो । भ्यागुताहरूका राजा, मन्त्रीलगायत समस्त भ्यागुता प्रसन्नचित्त थिए।

पोखरीको डिलमा एक्लै बसिरहेको उक्त सर्पसँग अर्को एक सर्पको भेंट भयो। जीउमा चढाएर भ्यागुताहरूलाई सयर गराइरहेको दृश्य हेरेको अर्को सर्पले मित्र सर्पसँग प्रश्न गऱ्यो, "ए मूर्ख ! तिमी भोजनलाई पिठ्यूँमा बोकेर किन हिंडिरहन्छौ ?" भ्यागुताहरूको मित्र सर्पले उत्तर दियो, "मित्र मलाई पनि थाहा छ कि यिनीहरू सबै मेरा आहारा हुन्। तर म समयको पर्खाइमा छु। जब उनीहरूले ममाथि पूर्ण विश्वास गर्न थाल्छन्, मेरो मनोकाङ्क्षा तब मात्र पूर्ण हुन सक्छ। त्यसैले म उनीहरूलाई विश्वासमा लिने काम गरिरहेको छु। तिमीले मेरो चिन्ता नगर, अन्यत्र जाऊ र अन्य भ्यागुताहरूलाई आफ्नो पासोमा पार्ने काम गर।" कुराकानीपछि ती दुवै सर्प आआफ्नो काममा व्यस्त भए।

केही दिनपछि ससाना भ्यागुतोहरूलाई खान शुरू गरेको सर्पले पछि ठूला भ्यागुतोहरूलाई आहारा बनाउन थाल्यो। सर्पको छलकपटबाट अनजान भ्यागुतोहरूको सङ्ख्या दिन प्रतिदिन घट्न थाल्यो। बेइमान सर्पको कारण भ्यागुतोहरूको राज्यको अद्योगति भयो।

०००

उपरोक्त कथामा सर्पको स्वार्थ छर्लङ्ग छ। सर्पको इमान 'मुखमा राम राम र बगलीमा छुरी' झैं थियो। उसले भन्ने र गर्ने क्रियाकलाप फरक-फरक थियो। वर्तमान राजनीतिक अवस्था उपरोक्त कथासँग मेल खान्छ। भ्यागुतोरूपी जनता सर्परूपी राजनीतिको शिकार भइरहेको छ । अहिले कथाको सर्प जस्तै विभिन्न आवरणमा आकाङ्क्षीहरू शहरदेखि गाउँसम्म फैलिइसकेका छन् । राजनीतिक वृत्तमा जनतासमक्ष सधैं आफूलाई चोखो देखाइरहने प्रवृत्ति छ । गलती स्वीकार गर्ने कोही पनि छैनन् । निर्वाचनको घोषणा भएसँगै जनताको सेवक बन्ने आकाङ्क्षीहरू 'यत्र तत्र सर्वत्र' उदीयमान छन् । अहिले माहोल चुनावमय छ । सेवक बनेर देश र जनताको सेवा गर्ने मौकाको खोजी गर्ने पात्रहरूको लाइन धेरै लामो छ । निस्स्वार्थ भावले सेवा गर्ने इच्छा भएका पात्रमा पदमोह कल्पना गर्न सकिंदैन । पदमोह भएमा सेवाभावको सम्भावना अपवादबाहेक हुँदैन । यदि साँच्चीकै मनमा सेवाभाव छ भने टिकटको लागि यति मरिहत्ते किन गर्ने ? अहिले टिकटकै लागि एक दलबाट अर्को दलमा हाम फाल्ने अवस्था विद्यमान छ। विचार र सिद्धान्त शून्य राजनीतिबाट देश र जनताको विकास कदापि सम्भव छैन। भोजपुरी कहावत 'आया राम गया राम'को सिद्धान्तमा आधारित पात्रजनबाट देश र जनताले के आशा गर्ने ? अभिलाषा र स्वार्थमा आधारित राजनीतिको कुनै अर्थ छैन।

विश्वप्रसिद्ध दार्शनिक प्लेटोले आफ्नो पुस्तक 'द रिपब्लिक'मा उल्लेख गरेका छन्, 'एक यस्तो राज्य होस्, जहाँ न्याय व्यवस्थाका साथै शासकमा विवेक, साहस र तृष्णाको भाव होस्।' निर्वाचनमा बढीभन्दा बढी पात्रहरूबीच प्रतिस्पर्धा हुनु लोकतन्त्रको सबैभन्दा सकारात्मक पक्ष हो । यद्यपि दिशाहीन राजनीतिले देशलाई अग्रगति प्रदान गर्न सक्दैन । निर्वाचित भए वा नभए पनि जनताको सेवामा तत्पर रहनु नै राजनीतिशास्त्रको मूल सिद्धान्त हो । राजनीति लोकतन्त्रको पाङ्ग्रा हो । किनभने जसरी पाङ्ग्राविना वाहन गुड्न सक्दैन, त्यसैगरी राजनीतिविना देश चलायमान हुन सक्दैन। त्यसैले सर्परूपी आकाङ्क्षीहरूलाई मतदाताले चिन्नुपर्छ।

# द्रोण पर्व–६९



महाभारतबाट सङ्कलन तथा अनुवाद

**उमाशङ्कर द्विवेदी**

हरे, दुर्बुद्धि, खाने–पिउने पर्याप्त हुने ठाउँमा पो तिमी बस्नुपर्दछ, युद्धमा मेरोसामु तिमीले आफ्नो मुख देखाउनुहुँदैन। तिमी त फल, मूल खान तथा व्रत–नियम आदिको पालना गर्नमा अवश्य कुशल छौं तर युद्ध गर्न तिमीले जान्दैनौ। कहाँ मुनि वृत्ति र कहाँ युद्ध। भाइ, तिमीलाई युद्ध गर्ने धैर्य छैन, तिमी त वनमैं रहेर प्रसन्न रहन सक्दछौ। त्यसैले तिमी वनमैं जाउ र तिमीले युद्ध नै गर्नु छ भने अन्यसित भिड्न जाती हुन्छ। म जस्तो वीरको सामु तिमी जस्तो मान्छे



पर्नु शोभा दिंदैन। म जस्तो मान्छेसित भिड्दा यस्तै वा अझै योभन्दा पनि बढी दुर्गति हुनेछ। अब तिमी या त कृष्ण र अर्जुन भएको ठाउँमा जाउ, उनीहरूले तिम्रो रक्षा गर्नेछन् अथवा घर गई हाल। बाबु, युद्ध गरेर तिमीले के नै पाउनेछौ ?

कर्णको यस्तो कठोर वचन सुनेर भीमसेनले सबै योद्धाको सामु हाँस्दै भने– रे दुष्ट, मैले तिमीलाई कैंयनपटक परास्त गरेको छु, कुन मुखले तिमी यति बोलिरहेका छौ। हाम्रा प्राचीन पुरुषहरूले पनि जय पराजय त इन्द्रको पनि हेर्दै आएका छन्। रे अकुलीन, अहिले पनि तिमीले मसित मल्लयुद्ध गरेर हेर। जसरी मैले महाबली र महाभोगी कीचकलाई पछारेको थिएँ, त्यसै प्रकार यी जम्मै राजाको सामु नै तिमीलाई पनि कालको गाँस बनाइदिनेछु।

बुद्धिमान् कर्ण भीमसेनका यस्ता शब्दहरूको अभिप्राय बुझेर सबै धनुर्धरको सामु नै युद्धभूमिबाट हटिहाले। भीमसेनलाई रथहीन पारेर कर्णले अर्जुन र श्रीकृष्णको सामु नै यस्ता भन्ने नभन्ने कुरा गरेपछि श्रीकृष्णको प्रेरणाबाट अर्जुनले उनीमाथि कैंयन बाण हाने। ती गाण्डीव धनुषबाट हानिएका बाणहरू कर्णको शरीरभित्र छिरे। त्यसबाट पीडित भएर कर्ण बडो तीव्रताका साथ भीमसेनको सामुबाट भागिहाले। अनि भीमसेन सात्यकिको रथमाथि सवार भएर भाइ अर्जुनको छेउमा आए। यसैबेला अर्जुनले बडो फुर्तीका साथ कर्णलाई लक्षित गरेर कामको समान कराल बाण हाने तर त्यसलाई अश्वत्थामाले बीचमैं काटिदिए। अनि अर्जुन कुपित भएर अश्वत्थामामाथि चौसट्ठीवटा बाण हानेर उनलाई घाइते पारिदिएर कराउँदै भने– पख पख, न भाग। तर अर्जुनको बाणबाट व्यथित भएर अश्वत्थामा रथबाट भरिएको मत्त हात्तीको सेनाभित्र छिरिहाले। अर्जुनले आफ्ना बाणबाट त्यस सेनालाई व्यथित पार्दै केही परसम्म उनलाई पछ्याए पनि। यसपछि उनी अनेकौं हात्ती, घोडा र मानिसहरूलाई विदीर्ण पार्दै त्यस सेनाको संहार गर्न थाले।

राजा धृतराष्ट्र भन्न थाले– सञ्जय, मेरो देदीप्यमान यश दिनानुदिन मन्द पर्दै गइरहेको छ, मेरा अनेक योद्धाहरू पनि मारिइसकेका छन्। यसलाई मेरो समयको फेर नै मान्नुपर्दछ। अब मलाई लागिरहेको छ कि जयद्रथ अब जीवित छैनन्। लौ, त्यो युद्ध जसरी अगि बढिरहेको छ, त्यसको यथावत् वर्णन गर। जो त्यस विशाल वाहिनीलाई एक्लैले परास्त गरेर भित्र छिरिसकेका छन, त्यस सात्यकिको युद्धको तिमीले यथावत् वर्णन गर।

सञ्जयले भने– राजन्, सात्यकि आफ्नो श्वेत घोडा जोतिएको रथमाथि बसेर बडो जोडले गर्जना गर्दै गइरहेका थिए। तपाईंका सबै महारथी मिलेर पनि उनलाई रोक्नमा सफल हुन सकेनन्। यतिबेला राजा अलम्बुष उनको सामु आएर उनलाई रोक्ने प्रयत्न गर्न थाले। महाराज, ती दुवै वीरबीच जस्तो संग्राम भयो, त्यस्तो कहिले पनि भएको थिएन। त्यति बेला दुवै पक्षका योद्धाहरू उनीहरूकै युद्ध हेर्न थाले। अलम्बुषले सात्यकिमाथि बडो जोडले दशवटा बाण हाने तर सात्यकिले त्यसलाई बीचमैं काटिदिए। अनि उनले कानसम्म धनुष तानेर सात्यकिमाथि तीनवटा बाण हाने। ती बाणहरू उनको कवचलाई च्यातेर शरीरभित्र छिरिहाले। अनि चारवटा बाण हानेर अलम्बुषले सात्यकिका घोडाहरूलाई पनि घाइते पारिदिए। सात्यकिले पनि चारवटा बाण हानेर अलम्बुषका घोडाहरूलाई मारिदिए तथा एउटा भल्ल हानेर उनको सारथिको टाउको काटेर अलम्बुणको कुण्डलमण्डित टाउकोलाई गींडबाट अलग्याइदिए।

यस प्रकार अलम्बुषलाई सिध्याएर सात्यकिले तपाईंको सेनालाई चिर्दै अर्जुनतिर बढ्न थाले। उनी जसै त्यस अपार सैन्यसमुद्रमा प्रवेश गरे कि अनेकौं त्रिगर्त्त वीरहरू उनीमाथि जाइ लागेर उनलाई चारैतिरबाट घेरामा हाली बाणको वर्षा गर्न थाले तर सात्यकिले कौरवसेनाभित्र पसेर एक्लैले पचासजना राजकुमारलाई परास्त गरिदिए। त्यति बेला ती महान् शूरवीर नृत्यझैं गरिरहेका थिए र एक्लै भएर पनि एक सय रथीको समान कहिले पूर्व, कहिले पश्चिम, कहिले उत्तर त कहिले दक्षिण दिशामा देखा पर्दथे। उनको यस्तो पराक्रमलाई हेरेर त्रिगर्त्त वीर सैनिकहरू आत्तिएर भागिहाले। अब शूरसेन देशका योद्धाहरू बाणको वर्षा गर्दै उनलाई अगि बढ्नबाट रोक्न थाले। उनीहरूसित केही बेरसम्म मुकाबिला गरेर उनी कलिङ्गदेशीय योद्धाहरूसित भिडे। केही बेरमा दुस्तर कलिङ्गसेनालाई पार गरेर उनी अर्जुनको छेउमा पुगे। जसरी जलमा तैरेका मानिस स्थलमा पुगेर सुस्ताउन थाल्दछ, त्यसै प्रकार अर्जुनलाई हेरेर पुरुषसिंह सात्यकिलाई बडो शान्ति प्राप्त भयो।

क्रमशः...

---

बाल लघुकथा

# माही

**- बैधनाथ ठाकुर**

यतिबेला १६ वर्षीया माही आफ्नो प्रेमी रितेशसँग निकै खुशी छिन्। घरमा सासू–ससुरा दुईजना नन्द र दुईजना देवर पनि छन्। जेठी बुहारी भएकोले सबैले धेरै माया गर्छन्। वास्तवमा माही जति खुशी अहिले छिन्, त्यति खुशी कहिले थिइनन्। तर माहीलाई आफ्नो अतीत सम्झिंदा हिजोआज निकै हाँसो उठ्छ।

माही एक गरीब बाउ कि छोरी हुन्। माही र साही दुई दिदीबहिनी छन्। माहीले आफ्नो बुबाको माया कहिले पनि पाइनन्। जेठी पत्नीको मृत्युपछि माहीको आमाको अठार वर्षको उमेरमा कान्छी पत्नी बनेर आएकी थिइन्। माहीको बुबा गगनदेव एक नम्बरको भङ्गेरी र गजेडी हुन्। कुनै काम नगर्ने, बसीबसी खाने गरेकाले माहीकी आमा र बुबामा जहिले पनि विवाद, कचकच तथा झगडा भइ नै रहन्थ्यो। कहिलेकाहीं टाउकोसमेत बाउले आमाको फुटाइदिएको घटना डरले थुर्र कााम्दै माही चुपचाप हेरिरहन्थी।

आर्थिक समस्याले गर्दा माहीले राम्रो विद्यालयमा पढ्न पनि सकिनन्। माहीको आमा गाउँकै एक निजी विद्यालयमा परिचरको काम गरेर छोरीको लालनपालन गरेकी थिइन्। माही १४ वर्षको भएपछि विवाहको लागि केटा खोज्न थालियो। गाउँको एकजना गरीब परिवारमा माहीको टिकोटालो गरियो। केटा साउदीमा काम गर्दो रहेछ। विवाह भयो। विवाहको पन्ध्र दिनपछि माहीका पति फेरि साउदी गए।

दिनभरि घुम्टोभित्र १४ वर्षकी केटी एउटा कोठाभित्र बस्नुपर्दा पिंजडामा सुगाले खेप्ने पीडाभन्दा कम थिएन माहीको दुःख। साउदीबाट पठाएको पैसाले बल्लतल्ल माहीले एउटा मोबाइल किन्न सफल भइन्। केही दिनपछि मोबाइलको फेसबूकमा एकजना केटासँग माहीको दोस्ती भयो। पछि कुन बेला दोस्ती प्यारमा बदलियो माहीले पतै पाइनन्।

छ महीनापछि माहीले नै बनाएको योजना अनुसार मामाको छोरा भोलि भेट्न आउँदै छ भनेर सासू–ससुरालाई उनले सुनाइन्।

भोलिपल्ट बिहान ११ बजे एकजना युवा माहीको घरमा आइपुग्यो। माहीले युवालाई सासू–ससुरासँग परिचय गराइन्। सामान्य भलाकुसारीपछि कामविशेषले भोलि मामाको छोरा काठमाडौं जानुपर्ने भएकोले आजै हामी हिंड्नुपर्छ भन्दै सबैलाई ढोगभेट गरी माही बिदा भइन्। तीस मिनट पैदल हिंडेपछि राजमार्गमा मोटरगाडी चढेको माही कहिले गाउँ फर्किनन्।

उच्च जातिको बुहारी यसरी यारसँग फरार भएको घटना नकारात्मक शैलीमा निकै चर्चित बन्यो तर माहीको जीवनको दुःख बुझ्ने प्रयास कसैले गरेन।

आर्थिक विपन्नता, नाबालिग उमेर तथा आमाबुबाको सधैंको झगडा, बिहे गरेर पति खाडीमा गएको यस्ता घटनाहरूले बालमनोविज्ञानमा के असर पार्छ, यसतर्फ अझै पनि कोही चिन्तित छैनन्...।

प्रगतिनगर–३, वीरगंज

---

## बोक्सीको भ्रामक लक्षण

**- वैद्यनाथ महतो कुशवाहा**

बोक्सी डायन हुँदैन कोही
यो मनगढन्त सब भावना हो
हजारौं महिला–पुरुष उत्पीडित भए
जुन अन्धविश्वासको कारण हो
आफ्नै कर्मले सब दुःख–सुख पाउँछ
अरूले अरूलाई किन ? दोष लगाउँछ
व्यर्थ कसैलाई दोष लगाउनु
झूटो कुराको कलङ्क लगाउनु
यो सब हो अन्यायिक कार्य
अज्ञानजनित भ्रमपूर्ण व्यवहार
न डायनको आधार सत्यता
यो भ्रमपूर्ण आरोप र मनगढन्त आशङ्का
बोक्सी भनी कोही कसैलाई यदि तिरस्कार गर्छ
ऊ मानहानिको कसूरमा पर्छ। *– कलैया उपमनपा–२५, ढोडिया, बारा*

---

# मेवाको पौष्टिकता र औषधीय महत्त्व

**डा शान्ता पोखरेल भट्टराई**

**परिचय**

मेवा क्यारिकेसी परिवार अन्तर्गतको एक वनस्पति हो। यसको वैज्ञानिक नाम क्यारिका पपाया (Carica papaya) हो। मेवाका बोटहरू निकै चाँडोचाँडो बढ्छन्। मेवाको बोट रोपेको पहिलो वर्ष तीन मिटरसम्म र जीवनकालमा १० मिटरसम्म बढ्छ। यसको आयु भने अन्य फलफूलको तुलनामा कम (१०–१२ वर्ष) हुन्छ। मेवाको फल गोलो वा लाम्चो गोलाकार (Oval) हुन्छ। साधारणतया उभयलिङ्गी बोटमा लाम्चो र पोथी बोटमा गोलो आकारको फल फल्दछ। फलको आकार जात र बोटको स्वास्थ्य अनुसार आठ सेन्टिमिटरदेखि ५० सेन्टिमिटरसम्म लामो हुन्छ। मेवाको उत्पत्ति भएको स्थान यकीन भन्न सकिंदैन तर पनि यसलाई दक्षिण मेक्सिको र यसको आसपासका मध्य अमेरिका क्षेत्रको रैथाने बाली मानिन्छ। चित्र नं १ मा मेवाको बोट, पात, फल अनि बीउ देखाइएको छ।

**तालिका नं १: मेवाफलमा उपलब्ध हुने पौष्टिक तत्व (प्रति १०० ग्राम)**


| पौष्टिक तत्त्व | मात्रा | पौष्टिक तत्त्व | मात्रा |
|---|---|---|---|
| पानी | ८८.८ ग्राम | म्याग्नेशियम | १०.० मि. ग्रा. |
| प्रोटिन | ०.६ ग्राम | पोटाशियम | २५७.० मि. ग्रा. |
| एनर्जी | ३९.० कि. क्या. | भिटामिन 'ए' | ५५.० माइक्रोग्राम |
| चिनी | ५.९ ग्राम | बीटा क्यारोटीन | २७६.० माइक्रोग्राम |
| बोसो | ०. १४ ग्राम | भिटामिन 'बीटू' (Riboflavin) | ०.०५ मि. ग्रा. |
| कार्बोहाइड्रेट | ९.८ ग्राम | भिटामिन 'सी' | ६१.८ मि. ग्रा. |
| क्याल्सियम | २४.० मि. ग्रा. | भिटामिन 'बी थ्री' (Niacin) | ०.३३८ मि. ग्रा. |
| फोसफोरस | ५.० मि. ग्रा. | भिटामिन 'बी सिक्स' | ०.१ मि. ग्रा. |
| फलाम | ०.१ मि. ग्रा. | भिटामिन 'बी वन' | ०.०४ मि. ग्रा. |

*स्रोत: मेवा खेती प्रविधि, (नार्क)*

**पौष्टिक तथा औषधीय महत्त्व**

मेवा एउटा बहुउपयोगी बाली हो। मेवाको पाकेको फल अत्यन्त मीठो हुन्छ र मेवाको फलबाट जाम, जेली, क्यान्डी, सुकुटी र विभिन्न पेय पदार्थ बनाउन सकिन्छ। काँचो फललाई तरकारी र अचारको लागि प्रयोग गर्न सकिन्छ। मेवाको फलमा प्रचुर मात्रामा भिटामिन सी र अन्य पौष्टिक तत्त्व पाइन्छन्। मेवाको फलमा पाइने पौष्टिक तत्त्व तालिका नं १ मा दिइएको छ। सुन्तलामा भन्दा मेवाको फलमा भिटामिन सी ३३ प्रतिशतले र पोटेशियम ५० प्रतिशतले बढी पाइन्छ। त्यसैगरी, मेवामा स्याउमा भन्दा १३ गुणा बढी भिटामिन सी र दुई गुणा बढी पोटेशियम पाइन्छ। स्याउ र सुन्तलामा भन्दा मेवामा चार गुणा बढी भिटामिन ई पाइन्छ। मेवामा पाइने क्यारोटिनोइड, जियाजान्थिन र लाइकोपिन जस्ता पदार्थले आँखाको दृष्टि शक्ति बढाउँछ। मेवाको पौष्टिक तत्त्वको अतिरिक्त विभिन्न जैविक रसायन (phytochficals), एन्टिअक्सिडेन्ट र एन्टिक्यान्सरका गुणहरू पाइने भएको हुँदा स्तन क्यान्सर, प्रोस्टेट क्यान्सर, एथेरोसकेलेरोसिस र हृदयाघात जस्ता रोगको उपचारको लागि मेवाका विभिन्न भाग प्रयोग गर्न सकिने कुरा अनुसन्धानले देखाएको छ। मेवाबाट निकालिएको प्यापेन एन्जाइमले प्रोटियोलाइटिक, एमाइलोलाइटिक, लिपोलाइटिक क्रियाकलाप देखाउने हुँदा यसको प्रयोगबाट प्रोटिनजन्य खाद्य पदार्थ पचाउनको लागि मदत गर्दछ।

पाकेको मेवाको फल जन्डिस रोग निदानका लागि उपयोगी हुन्छ। यसको नियमित सेवनले आँखाको दृष्टि बढाउन सहयोग गर्दछ। मेवाको काँचो फलमा पाइने सेतो चोपमा पपेन नामको इन्जाइम हुन्छ, जुन बहुउपयोगी हुन्छ। यसलाई विभिन्न किसिमका सौन्दर्य सामग्री, दन्तमञ्जन र साबुनमा मिसाइन्छ। यसको प्रयोग मासुलाई कमलो बनाउन, छाला, ऊन र रेशम धागो प्रशोधनमा प्रयोग गरिन्छ। पपेनबाहेक मेवाको काँचो फलमा मानव स्वास्थ्यको लागि लाभप्रद अन्य इन्जाइमहरू पनि हुन्छन्। त्यसैले मेवाको काँचो फल नियमित सेवन गर्नाले पाचन शक्तिमा वृद्धि हुन्छ। मेवाको फलमा पाइने काइमोपपेन (Chymopapain), शल्यक्रिया वा अन्य कारणले लागेको घाउ चाँडो निको पार्न प्रयोग गरिन्छ। मेवाको काँचो फल, बीउ र जराबाट निकालेको रस खानाले गर्भपतन गराउँछ भन्ने पनि भनाइ छ। कसैकसैलाई मेवाको चोपले छाला चिलाउने, परागकणले श्वासप्रश्वाससम्बन्धी र पपेन मिसाइएको खानाले अन्य प्रकारको एलर्जी गराउँछ।



त्यसैगरी, मेवामा फिनोलसहित जैविक रसायनहरू र एन्टिअक्सिडेन्ट, एन्टिबायोटिक र एन्टिडाइबिटिक गुणहरू पाइन्छन्। मेवाको बीउ उच्च रक्तचाप, मधुमेह र कोलेस्ट्रोलको उपचार गर्नको लागि प्रयोग गरिन्छ। त्यसैगरी, मेवाका पातहरूको प्रयोग मलेरिया, डेंगु, पिलिया र भाइरसजन्य रोगहरूको उपचारमा परम्परागत तरीकाले भइरहेको छ।

मेवाको पात र बीउमा पनि विभिन्न प्रकारका जैविक रसायन जस्तै एल्केलाइड्स, फलेभोनोइड्स, फिनोल, टेनिन, स्टेरोइड्स, सेपोनिन पाइन्छन्, जसले गर्दा यसको औषधीय महत्त्व भएको कुरा प्रमाणित भइसकेको छ। मेवाको पातबाट निस्केको रसलाई प्रयोग गरी डेंगु, ज्वरो नियन्त्रणको लागि प्रयोग भएको अनुसन्धानबाट प्रमाणित भइसकेको छ।

तुलनात्मक अध्ययन र अनुसन्धानको नतीजालाई हेर्दा मेवाको पात र बीउ दुवैमा औषधीय गुणहरू पाइने देखाएको छ। तर यसका पातमा फिनोलिक र फलेबोनोइड्सको मात्रा बीउमा भन्दा बढी पाइएको थियो भने बीउमा एन्टिअक्सिडेन्ट र एन्टिबायोटिक क्षमता बढी पाइएको थियो। त्यसैगरी, पातले बढी एन्टिबेक्टेरिएल गुण देखाएको थियो। मेवाको जरा र डाँठमा पनि औषधीय गुणहरू हुन्छन्। यसमा एन्टिफङ्गल र एन्टिभाइरल गुण हुने, त्यस्तै डाँठ र बोक्रामा पनि पिलियाविरुद्ध लड्ने र एन्टिहिमोलाइटिक एक्टिभिटीहरू हुन्छन्। मेवाको बीउलाई सामान्यतया फालिने गरिन्छ तर यसको वानस्पतिक तेल औद्योगिकरूपमा उत्पादन गरी विभिन्न प्रकारका औषधिहरू बनाउन सक्ने सम्भावना देखिन्छ।

**निष्कर्ष**

नेपालीहरूमा मेवाको पौष्टिक र औषधिजन्य महत्त्वको ज्ञान बढाउनु आजको आवश्यकता हो। सामान्यतया नेपालका शहरी क्षेत्रमा मेवाको फलको प्रयोग निरन्तर बढिरहेको छ। धेरैजसो मेवा भारतबाट आपूर्ति हुने गर्दछ। तर मेवाको पात र बीउ पनि उत्तिकै औषधीय गुणले परिपूर्ण भएको हुनाले नेपालमा पनि मेवाको व्यावसायिक खेती हुनु, उत्पादनमा वृद्धि गर्नु र यसमा भएका सम्पूर्ण औषधीय र जैविक, रासायनिक गुणहरूको प्रयोग गर्नको निम्ति प्रशोधन उद्योग स्थापना गर्ने र व्यावसायिक मेवा खेती प्रवर्द्धन गर्नु आजको आवश्यकता हो। (लेखक त्रिचन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक हुन्।)

स्रोतः विज्ञान लेखमाला

---

हामीलाई अन्तरिक्षमा उठ्ने शोख जागेको छ तर खुट्टाको तल जमीनमुनि के छ, यो हेर्न बिर्सियौं। समुद्रको तलहटीमा यतिधेरै बहुमूल्य रत्न भरिएको छ, जुन मनुष्यले अहिलेसम्म हात पारेको पन्नाको सट्टा कैयौं गुना बढी भन्न सकिन्छ। पृथ्वीमा जति पनि धातु छन्, त्यसभन्दा हजारौं गुना मात्रामा त्यो समुद्रमा थिचिएको छ। समुद्री खाद्य पदार्थको यदि उपयोग गर्न सक्छौं भने त्यो पृथ्वीको उपजभन्दा बढी नै हुनेछ। यस्तो सम्पत्ति भण्डारलाई उपेक्षा गरेर शून्य आकाशमा विचरण गर्नु र निर्जीव ग्रह-नक्षत्रको चक्कर काट्नु वैज्ञानिक चिन्तनको दोष हो, जसलाई सुधार गरेर अपव्ययलाई उपयोगिताको दिशामा फर्काउन सकिन्छ।

- स्काउट कारपेन्टर

## अन्तर्राष्ट्रिय समाचार

# गरीब मुलुकमा खाद्यवस्तुको थप मूल्यवृद्धि हुने दाबी

लन्डन, ११ चैत/एएनआई

विश्व व्यापार सङ्गठनकी महानिर्देशक एनगोसी ओकोन्जो इवेयलाले युक्रेन सङ्कटका कारण खाद्य पदार्थको मूल्यवृद्धि भएको दाबी गरेका छन् ।

उनका अनुसार खाद्य पदार्थको मूल्यवृद्धि भएपछि खाद्य सङ्कट पनि बढ्ने खतरा देखिएको छ ।

खाद्य पदार्थमा भएको मूल्यवृद्धि र खाद्य सङ्कटको असर सबैभन्दा बढी गरीब देशहरूमा पर्न सक्ने पनि उनले बताए ।

"यसबारेमा हामी धेरै चिन्तित हुनुपर्दछ भन्ने मलाई लाग्छ, यसको असर विशेषगरी गरीब मुलुकहरूमा बढी पर्दछ," उनले भने ।

खाद्य पदार्थको मूल्यवृद्धि र खाद्य सङ्कटका कारण ठूलो मानवीय क्षतिसमेत हुन सक्नेमा पनि उनले चिन्ता व्यक्त गरेका छन् ।



तस्वीरः एजेन्सी

विश्वका धेरै देशमा खाद्य सङ्कटसँगै ऊर्जा सङ्कट पनि मुख्य समस्याका रूपमा देखिदै गएको र यो अझ बढ्न सक्ने उनको भनाइ छ । ऊर्जा सङ्कटका रूपमा उनले पेट्रोलियम पदार्थको मूल्यवृद्धि र अभावलाई समेत सङ्केत गरेको जनाइएको छ ।

गार्जियनसँगको अन्तर्वार्ताका क्रममा महानिर्देशक ओकोन्जोले दुवै सङ्कटबाट सबैभन्दा बढी पीडित हुने नै गरीब मानिस भएकाले त्यसतर्फ विश्वको ध्यान जानुपर्नेमा जोड दिए । रासस

# चिनियाँ विदेशमन्त्री भारत भ्रमणमा


चीनका विदेशमन्त्री वाङ यी(दायाँ) र भारतीय विदेशमन्त्री एस जयशङ्कर । तस्वीरः एजेन्सी

नयाँ दिल्ली, ११ चैत/एएनआई

चीनका विदेशमन्त्री वाङ यी भारत भ्रमणमा आएका छन् ।

भ्रमणका क्रममा उनले शुक्रबार सरकारी उच्च अधिकारीहरूसँग भेटवार्ता गरेको समाचारमा जनाइएको छ ।

उनले भारतीय समकक्षी एस जयशङ्करसँग प्रतिनिधिमण्डलसहित हैदराबाद हाउसमा भेटवार्ता गरेका छन् ।

त्यसअघि उनले भारतको राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग उनकै कार्यालय साउथ ब्लकमा भेटवार्ता गरेका अधिकारीहरूले जनाएका छन् ।

दुवैजनासँगको भेटवार्ताका क्रममा विदेशमन्त्री यीले दुई पक्षीय हित, आपसी सहयोग तथा सहकार्य र साझा चासोका बारेमा कुराकानी गरेका थिए ।

भारत र चीनबीचको सम्बन्धलाई अझ मजबुत, सुमधुर बनाउँदै सहकार्यका क्षेत्र तथा दायरा बढाउनेबारेमा पनि उनीहरूले छलफल गरेको जनाइएको छ ।

विभिन्न देशको भ्रमण गर्ने क्रममा उनी बिहीवार बेलुका भारतको सङ्घीय राजधानी नयाँ दिल्ली आइपुगेका हुन् ।

यही वर्ष चीनको राजधानी बेइजिङमा हुन लागेको ब्रिक्सका लागि निमन्त्रण दिन चिनियाँ विदेशमन्त्री यी भारत आएको जनाइएको छ ।

भारत आउनुअघि उनले पाकिस्तानको राजधानी इस्लामाबादमा भएको इस्लामिक सहयोग सङ्गठन (ओआइसी)को बैठकमा सहभागी भएका थिए । रासस

# मिसाइल प्रक्षेपणपछि जापानी र दक्षिण कोरियाका विदेशमन्त्रीबीच वार्ता

टोकियो, ११ चैत/एएनआई/स्पुतनिक

जापानी विदेशमन्त्री योशिमासा हयाशी र उनका दक्षिण कोरियाली समकक्षी चुङ इउई-योङले टेलिफोन वार्तामा उत्तर कोरियाको अन्तरमहादेशीय क्षेप्यास्त्र प्रक्षेपणबारे छलफल गरेको जापानी विदेश मन्त्रालयले जनाएको छ ।

परराष्ट्रमन्त्रीहरूले उत्तर कोरियाद्वारा अन्तरमहादेशीय क्षेप्यास्त्र प्रक्षेपणको निन्दा गरेका छन् । विशेषगरी पछिल्लो प्रक्षेपणबारे समान धारणा बनाउँदै उनीहरूले उत्तर कोरियाको क्षेप्यास्त्र र आणविक कार्यक्रमको तीव्रता विश्व समुदायको लागि एक स्पष्ट र गम्भीर चुनौती भएको बताएका छन् । द्विपक्षीय र त्रिपक्षीय सहयोगको पुनः पुष्टि गर्दै संयुक्त राज्य अमेरिका, संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव अनुसार उत्तर कोरियाको सम्पूर्ण आणविक निशस्त्रीकरणका लागि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्समक्ष आग्रह गरिएको विज्ञप्तिमा जनाइएको छ ।

उत्तर कोरियाले बिहीवार बिहान ह्वासोङ-१७ इन्टरकन्टिनेन्टल ब्यालिस्टिक मिसाइल (ICBM) परीक्षण गरेको पुष्टि गरेको छ ।

लामो दूरीको ब्यालिस्टिक मिसाइल जापानको सागरतर्फ प्रक्षेपण गरिएको थियो । दक्षिण कोरियाली सेनाले पुष्टि गरेको छ कि क्षेप्यास्त्र करीब ६७० माइल उडेको थियो, जसको अधिकतम उचाइ ३,८५० माइलभन्दा बढी थियो । उत्तर कोरियाले जापानको सागरतर्फ ब्यालिस्टिक र क्रुज मिसाइलहरूको शृङ्खला प्रक्षेपण गरेर बदला लिएको हो ।


जापानी र दक्षिण कोरियाली विदेशमन्त्री हयाशी र चुङ इउई-योङ । तस्वीरः फाइल

यो वर्ष उत्तर कोरियाले गरेको ११औं मिसाइल प्रक्षेपण हो । फेब्रुअरी २७ र मार्च ५ मा उत्तर कोरियाले टोही उपग्रह परियोजनाको भागको रूपमा ब्यालिस्टिक मिसाइल परीक्षण गरेको हो । सियोल र वाशिङ्टनले प्योङयाङले स्याटेलाइट प्रणाली विकास गर्ने बहानामा नयाँ ह्वासोङ-१७ अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल परीक्षण गरेको आरोप लगाएका छन् । रासस

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं ।

वीरगंज महानगरपालिका

## रानीघाट-पोखरिया बस समिति

- भिस्वा- बिहान ७:४० बजे
- भिस्वा- बिहान १०:०० बजे
- भिस्वा- मध्याह्न १२:०० बजे
- भिस्वा- दिउँसो १:३० बजे
- दसौता- दिउँसो २:३० बजे
- सेढवा- दिउँसो ३ बजे
- देउरिया- दिउँसो ३:१५ बजे
- भिस्वा- दिउँसो: ३:४० बजे

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | राज्यभय | वृष | रोगभय |
| मिथुन | नारीसुख | कर्कट | कष्टाश्रम |
| सिंह | कार्यनाश | कन्या | भयचिन्ता |
| तुला | राज्यलाभ | वृश्चिक | धनक्षति |
| धनु | सुयश | मकर | खर्चवृद्धि |
| कुम्भ | धनलाभ | मीन | सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया

प्रस, रौतहट, ११ चैत/

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाको आयोजनामा शुक्रबार भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी जिल्ला स्तरीय गोष्ठी सम्पन्न भएको छ ।

गोष्ठीमा आयोग, काठमाडौंका आयुक्त डा हरि पौडेलले गलत नियतले कार्य गरी सार्वजनिक सम्पत्ति हानिनोक्सानी गर्नेलाई कारबाई हुने बताए ।

असल नियतले काम गरेको खण्डमा सामान्य गलती क्षम्य हुन सक्ने उनले धारणा राखे । भ्रष्टाचारलाई शून्य सहनशीलतामा ल्याउने क्रममा ठूलो र सानो आयोगले हेर्दैन उनले भने । संविधान र ऐनले तोकिएको जिम्मेवारी पूरा गर्न आयोग लागिपरेको बताए ।

जति कमाए पनि मर्ने बेलामा लिएर जाने होइन भन्दै भ्रष्टाचार गर्नेलाई निरुत्साहित गर्न आआफ्नोतर्फबाट पहल गर्न उनले आग्रह गरे । भ्रष्टाचार न्यूनीकरण गर्न पत्रकारको धेरै भूमिका रहेकाले सत्यमा आधारित समाचार प्रकाशन गर्न उनले सुझाव दिए । सय प्रतिशत पेश्की लिनु र दिनु सार्वजनिक खरीद ऐनविपरीत रहेकोले कारबाईका लागि उजुरी दिन उनले आग्रह गरे । सरकारी निकायले सूचना प्रकाशन गर्न आदेश दिएपछि भुक्तानी नगर्नेलाई कारबाई हुने सञ्चारकर्मीको जिज्ञासामा उनले बताए ।

गोष्ठीमा रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले मधेसमा बढी अनियमितता हुने गरेको बताए ।

जिल्ला समन्वय समिति, रौतहटका सभापति रामएकबाल राय यादवले भ्रष्टाचारलाई बढावा नदिन कदम चालिरहनुपर्ने बताए ।

आयोग, हेटौंडाका प्रमुख अर्जुनकुमार शर्मा र उपसचिव वेदप्रसाद भण्डारीले कार्यपत्र प्रस्तुत क्रममा १८० देशमध्ये भ्रष्टाचार गर्ने मुलुकमा नेपाल ११७औं स्थान रहेको बताए । कार्यपत्र प्रस्तुत गर्ने क्रममा २२ हजार ६२५ वटा उजुरीमध्ये १४ हजार ५३२ वटा फछ्र्योट गरी ११४ जनामाथि विशेष अदालतमा मुद्दा दर्ता भएको अवगत गराइएको थियो । त्यस्तै, रु एक अर्ब ८९ करोड ५५ लाख ४३२ बराबरको बिगो मागदाबी गरिएको बताइयो ।

गौर नगरपालिकाका प्रमुख अजयकुमार गुप्ताले सामाजिक सुरक्षा भत्तामा भइरहेको अनियमिततालाई कम गरेको बताए ।

कार्यक्रममा उपप्रमुख किरण ठाकुर, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका सदस्य शैलेन्द्र झा, सञ्चारकर्मी प्रभात झा, यमुनामाई गाउँपालिकाकी उपप्रमुख गीता देवी, मौलापुर नगरपालिकाका प्रशासकीय अधिकृत रामबाबु साह, वन अधिकृत अमरदेव यादवलगायत सहभागी थिए ।

# लागूऔषधसहित युवक पक्राउ


तस्वीर सौजन्यः इप्रका सिमरा

प्रस, वीरगंज, ११ चैत/

सर्लाहीबाट काठमाडौं जाने यात्रुवाहक बसबाट पथलैया प्रहरीले लागूऔषधसहित एकजना युवकलाई पक्राउ गरेको छ ।

बिहीवार राति जीतपुरसिमरा उपमहानगरपालिका वडा नं १ स्थित पूर्व-पश्चिम राजमार्गमा चेकजाँच गर्दा ना.७ख २६८१ नम्बरको बसको डिक्कीमा लुकाएर राखेको दुई हजार ९९० थान अवैध लागूऔषध पथलैया प्रहरीले बरामद गरेको छ ।

पक्राउ पर्नेमा सर्लाही जिल्ला पर्सा गाउँपालिका-२ संग्रामपुर निवासी २० वर्षीय मिथिलेश कुमार मण्डल रहेका छन् ।

उनीसँग लागूऔषध डाइजेपाम ९९७ थान, फेनारगन १००७ थान र नुर्फिन ९८३ थान बरामद भएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका मण्डललाई बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सिम्रौनगढमा एमालेको जनजागरण अभियान

प्रस, सिम्रौनगढ, ११ चैत/

सिम्रौनगढमा नेकपा एमालेको नगरस्तरीय जनजागरण अभियान शुरु भएको छ ।



तस्वीरः प्रतीक

बिहीवारदेखि शुरू भएको अभियान अन्तर्गत सिम्रौनगढ नगरपालिकाका जनतालाई आफ्नो हकअधिकारप्रति जागरूक गराउने उद्देश्य रहेको नेता गगनदेव कुशवाहाले बताए ।

त्यसैगरी, शुक्रबार गोरुबजारमा आयोजित अभियानमा एमाले मधेस प्रदेश सदस्य ताराचन्द्रप्रसाद साह, नेता गगनदेव कुशवाहा, सन्नी गुप्ता, सोसिन्द्र कुशवाहाले मन्तव्य राखेका थिए ।

# एमालेको वडा कमिटी गठन

प्रस, वीरगंज, ११ चैत/

नेकपा एमालेको बहुदरमाई नगरपालिका-६ गम्हरियामा वडा कमिटी गठन भएको छ । नगर अध्यक्ष प्रमोद कुशवाहाको अध्यक्षता एवं नेता शिव पटेलको प्रमुख आतिथ्यमा भएको भेलाले ध्रुव साहको अध्यक्षतामा ५५ सदस्यीय वडा कमिटी गठन गरेको छ ।



कार्यक्रममा रमेशप्रसाद साह, पुरनप्रसाद कुर्मी, वडाध्यक्ष केदार तिवारी, कृष्ण यादव, रामबाबु साह, सूर्यप्रसाद कलवारले मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन उमेश साहले गरेका थिए ।

## नियमविपरीत विद्यालय व्यवस्थापन समिति गठनको आरोप

प्रस, पर्सागढी, ११ चैत/

पर्सागढी नगरपालिका-३ स्थित जनता माविको विद्यालय व्यवस्थापन समिति नियमविपरीत गठन भएको भन्दै स्थानीयवासीले शुक्रबार पर्सागढी नपामा निवेदन दिएका छन् ।

विद्यालय व्यवस्थापन समितिमा विद्यार्थीका अभिभावक हुनुपर्ने, ६० प्रतिशत विद्यार्थीको हाजिर हुनुपर्नेमा सो नगरी समिति गठन गरिएको स्थानीयको आरोप छ ।

यता विद्यालयका प्रधानाध्यापक मोहन चौधरीले फागुन ३० गते १६० जनाले सर्वसहमतिबाट निर्णय गरी विद्यालय व्यवस्थापन समिति गठन गरिएको जानकारी गराएका छन् ।

## करेन्ट लागेर मजदुरको मृत्यु

मलङ्गवा, ११ चैत/रासस

सर्लाही सदरमुकाम मलङ्गवामा विद्युतीय पोल गाड्ने क्रममा करेन्ट लाग्दा एकजना मजदुरको मृत्यु भएको छ । मृत्यु हुनेमा बारा जिल्लाको फेटा गाउँपालिका-१ त्रिवेणीका २५ वर्षीय शिवजी महतो रहेको प्रहरीले जनाएको छ । मलङ्गवा नगरपालिका-४ विश्वकर्मा चोकमा शुक्रवार पोल गाड्ने क्रममा महतोलगायत अन्य तीनजना मजदुरलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ ।

करेन्ट लागेर गम्भीर घाइते भएका महतोलाई उपचारका लागि तत्कालै प्रादेशिक अस्पताल मलङ्गवामा पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । ठेकेदारमार्फत विद्युत् विस्तार काम गर्ने क्रममा ११ हजार भोल्टको तारमा पोलमा भएको फलामे डन्डी छुन गई करेन्ट लाग्दा महतोको मृत्यु भएको नेपाल विद्युत् प्राधिकरण, मलङ्गवा वितरण केन्द्रका प्रमुख विनोद यादवले जानकारी दिए ।

# भ्रष्ट नेताको कारण नेपालीको अवस्था खस्कियो -खरेल

प्रस, सेढवा, ११ चैत/

नेपाल सुशासन पार्टीका अध्यक्ष रमेश खरेलले सोझासाझा जनता तथा देशप्रति गद्दारी गर्ने भ्रष्टाचारी नेताहरूलाई जनताले चिन्नुपर्ने बताएका छन् ।




कार्यक्रममा मन्तव्य व्यक्त गर्दै नेपाल सुशासन पार्टीका अध्यक्ष रमेश खरेल ।

जीराभवानी गाउँपालिका–३ नौकाटोलाको खेलमैदानमा आयोजित आमसभामा उनले देशमा विभिन्न शासन, व्यवस्था पार गर्दै सङ्घीयता आए पनि भ्रष्ट नेताका कारण नागरिकहरूको अवस्था दिनहुँ खस्किँदै गइरहेको बताए । उनले राज्यको जुन पनि शासन व्यवस्थामा नेताहरू मोटाउँदै गएको आरोप लगाए । उनले राजनीतिक दलले सरकारमा गई सर्वसाधारणलाई कुनै न कुनै तरीकाबाट दमन, शोषण गरेकै कारण देशको आर्थिक अवस्था कमजोर भई अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल सबैभन्दा बढी भ्रष्टाचार हुने देशको सूचीमा परेको बताए । उनले अहिले एउटा बच्चा जन्मिनेबित्तिकै उसको टाउकोमा ४५ हजार रुपियाँ ऋण हुने गरेको बताए ।

अध्यक्ष खरेलले देशमा सुशासन कायम गर्न नेपाल सुशासन पार्टीको आवश्यकता रहेको बताए । उनले यो पार्टीको उद्देश्य नै भ्रष्टाचारी, घूसखोरी, गुण्डागर्दी, तस्करी, दलाली गर्ने नेतालाई पाखा लगाउने बताउँदै यो काम पर्सा जिल्लाबाट सुरुआत गरिने बताए ।

उपाध्यक्ष राजकुमार यादवले सात प्रदेशमध्ये मधेस प्रदेशमा सबैभन्दा बढी भ्रष्टाचार हुने गरेको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख रहेको बताए । नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, मधेसवादीलगायत दलका नेताहरूले जनतालाई हकअधिकार नदिएको आरोप लगाए । सर्वसाधारण कुनै पनि कार्यालयमा आफैंले सेवा लिन सक्ने अवस्था नरहेको हुँदा नेताका दलालहरूबाट ठगिनुपरेको बताए ।

कार्यक्रममा केन्द्रीय सदस्य राजेश श्रेष्ठ, पर्सा अध्यक्ष मधुसूदन चौरसिया, कोषाध्यक्ष तैयाज अहमद, लालबाबू राम, कविता चौधरी, प्रभुराउत कुर्मी, हरिन्द्र सहनी, विणा देवी, राजकुमार साह, सुरेश चौबेलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण प्रदीप चौधरीले गरेका थिए ।

# ओभरहेड टङ्कीको शिलान्यास

चिरञ्जीवी सापकोटा, ठोरी, ११ चैत/

मदेस प्रदेश सरकारका खानेपानी तथा सिंचाइ मन्त्री ओमप्रकाश शर्माले ठोरी–१ भगवान नगरको टाँडीमा ओभरहेड टङ्कीको शिलान्यास गरेका छन् । उजेलीदेवी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिद्वारा आयोजित शिलान्यास कार्यक्रममा मन्त्री शर्माले ओभरहेड टङ्कीको शिलान्यास गरेका हुन् । कार्यक्रममा मन्त्री शर्माले ठोरीवासीलाई स्वच्छ खानेपानी पिउने अवसर दिन पाउँदा गर्व लागेको बताए । उनले यही आर्थिक वर्षभित्र बोरिङको काम र कम्पाउन्ड लगाउनको निम्ति आफूले एक करोड बजेट पठाइसकेको हुँदा आगामी छ महीनाभित्र ठोरीवासीले स्वच्छ खानेपानी पिउन पाउने गरी काम गर्न आफू मातहतका प्राविधिक टोलीलाई निर्देशनसमेत दिएका थिए ।

शिलान्यास गर्नुपूर्व मन्त्री शर्मा ठोरीको पुरानो बस्ती शिकारीबास पुगी त्यहाँका नागरिकहरूको जनजीवनबारे बुझेका थिए । पुरानो बस्ती भए तापनि आजसम्म राज्यको हरेक सेवासुविधाबाट वन्चित नागरिकको घरदैलोमा पुग्ने पहिलो मन्त्री शर्मा भएको हुँदा शिकारीबासका नागरिकले भव्य स्वागत गरेका थिए ।




मन्त्री शर्माले शिकारीबासमा अँध्यारो अन्त्य गर्दै उज्यालो बनाउन आफू लागिपरेको बताउँदै ऊर्जा मन्त्रालयको माध्यनबाट सोलार सिस्टम जडान प्रक्रिया अघि बढाइने उद्घोष गरे ।

कार्यक्रममा मधेस प्रदेशका सांसद शङ्कर चौधरी, नेपाली काङ्ग्रेस मधेस प्रदेशका महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठ, नेपाली काङ्ग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण नवराज फुयाँलले गरेका थिए ।

# खेलकूदको संसार

## शहीद स्मारक 'बी' डिभिजन लिग : टुसाल विजयी

काठमाडौं, ११ चैत/रासस

शहीद स्मारक 'बी' डिभिजन लिग फूटबलमा टुसाल युथ क्लब विजयी भएको छ । टुसालले वीरगंज युनाइटेड क्लबलाई पराजित गरेको हो ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा शुक्रवार भएको खेलमा टुसाल युथले वीरगंज युनाइटेडलाई ४–० गोलअन्तरले पराजित गरेको हो । टुसालका लागि एसपीजङ्ग कार्की र ओमप्रकाश रोकाले दुई/दुई गोल गरे । कार्कीले खेलको २४औं मिनेटमा गोल गर्दै सुरुआती अग्रता दिलाएका थिए । त्यस्तै, रोकाले खेलको ६४औं मिनेटमा गोल गरेका थिए ।

रोकाले खेलको ६८औं मिनेटमा अर्को गोल थप्दै टुसालको अग्रता तेब्बर बनाए भने कार्कीले खेलको ९०औं मिनेटमा गोल गर्दै टुसाललाई ४–० ले जीत दिलाए । जीतसँगै टुसाल युथ आठ खेलमा ११ अङ्क जोडेर छैटौं स्थानमा उक्लिएको छ । लिगमा १४ क्लबवटा सहभागी छन् । शीर्ष दुई टोली 'ए' डिभिजन लिगमा बढुवा हुनेछन् भने पुछारका दुई टोली रेलिगेशनमा पर्नेछन् ।

## पपुवा न्यूगिनीद्वारा नेपाल ६ रनले पराजित

काठमाडौं, ११ चैत/रासस

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा पपुवा न्यूगिनीले नेपाललाई छ रनअन्तरले पराजित गरेको छ । जीतका लागि २९३ रनको विशाल लक्ष्य पछ्याएको नेपालले आठ विकेटको क्षतिमा २८६ रन मात्र बनाउन सक्यो ।

नेपालका लागि रोहितकुमार पौडेलले ऐतिहासिक शतक प्रहार गरे । उनले एकदिवसीय खेलमा पहिलोपटक शतक प्रहार गरेका हुन् । एकदिवसीय क्रिकेटमा शतक प्रहार गर्ने पूर्वकप्तान पारस खड्कापछि १९ वर्षीय पौडेल दोस्रो खेलाडी बनेका छन् । एकदिवसीय खेलमा उनी सर्वाधिक रन बनाउने तथा पाँच सय रन पूरा गर्ने पहिलो खेलाडीसमेत बनेका छन् । पौडेलले १२६ रन बनाए । उनले १०७ बल खेल्ने क्रममा चार छक्का र सात चौका प्रहार गरे । यस्तै, आरिफ शेखले ३४, कुशल भुर्तेलले ३२, सोमपाल कामीले १८, कमलसिंह ऐरीले १८, भीम सार्कीले १७ र दीपेन्द्रसिंह ऐरीले १५ रन बनाए । बलिङतर्फ पपुवा न्यूगिनीका नोरमान भानुले तीन, असाद भाला र चार्ल्स अमिनीले दुई/दुई तथा नोसैना पोकनाले एक विकेट लिए ।

यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको पपुवा न्यूगिनीले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै २९२ रनको योगफल बनाएको थियो । पपुवा न्यूगिनीका लागि चार्ल्स अमिनीले सर्वाधिक ७७ रनको योगदान दिए । उनले १०३ बलमा छ चौका र एक छक्का प्रहार गरे । यस्तै, कप्तान असाद भालाले ५५ बलमा ११ चौकासहित ६०, नोरमान भानुले २८ बलमा चार चौका र तीन छक्काको मदतमा ४७, टोनी उरालले ३८, राइली हेकुरेले ३१ तथा जासन किलले १३ रन बनाए ।

बलिङतर्फ नेपालका कमलसिंह ऐरी, सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले दुई/दुई तथा कप्तान सन्दीप लामिछाने र आरिफ शेखले एक/एक विकेट लिए । पपुवा न्यूगिनी सन् १९९८ मा एसिसी ट्रफी खेल्न नेपाल आएको थियो । त्यति बेला नेपालसँग भने उसले खेलेन । त्रिवि क्रिकेट मैदानमा पपुवा न्यूगिनीले पहिलोपटक नेपालसँग खेलेको हो ।

# सुरुङमार्ग र पुलहरूको डिजाइन स्वीकृत

प्रस, निजगढ, ११ फागुन/

नेपाली सेनाले काठमाडौं–तराई/मधेस द्रुतमार्गको सुरुङ मार्ग र त्यससँग जोडिने अग्ला पुलहरूको डिजाइन स्वीकृत भइसकेको जनाएको छ ।

सुरुङ मार्गहरू निर्माण गर्न दुईवटा प्याकेजमा ठेक्का लगाइएको छ । इपिसी मोडलको ठेक्का अनुसार ठेकदारहरूले नै गरेको डिजाइनलाई सेनाले स्वीकृत गरेर निर्माणस्थलमा पठाएको नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी नारायण सिलवालले जानकारी दिएका छन् । दुई प्याकेजको लागत नेपाली मूल्य अनुसार ४४ अर्ब रुपैयाँ छ ।

एउटा प्याकेज अन्तर्गत मकवानपुरको धेरेमा (सिम्पानीदेखि चालीसे खोल्सी १.३७ किमी) र लेनडाँडामा (घट्टेपाखादेखि बाँदरेखोल्सी १.४ किमी) गरी दुईवटा सुरुङ मार्ग र पुल निर्माण कार्य अघि बढ्नेछ ।

यो काम पोली च्याङ्दा कर्पोरेशनले २५ अर्ब ९ करोड ५९ लाख ७६ हजार ३३७ रुपैयाँमा ठेक्का पाएको छ । महादेव डाँडामा अर्को ३.३ किलोमिटर प्याकेजको काम १८ अर्ब ७८ करोड ७० लाख ६५ हजार छ सय रुपैयाँमा चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनीयरिङले ठेक्का पाएको छ ।



निजगढस्थित द्रुतमार्ग निर्माणका लागि बकैया खोलामा निर्माण गरिएको बेलीब्रिज । तस्वीरः जीतलाल श्रेष्ठ

यसरी निर्माण ठेक्का पाएका कम्पनीमध्ये चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनियरीङको टोलीले निजगढमा बसेर काम शुरू गर्ने गरी निजगढका सुविधासम्पन्न होटलको छनोट गर्न थालेको बुझिएको छ । एक होटल सञ्चालकले निर्माण कम्पनीका केही प्रतिनिधिहरू होटलमा बसी केही कार्य अघि बढाए पनि होटल एग्रिमेन्ट भने अहिलेसम्म नभएको जानकारी दिए ।

# हार्डवेयरपसलमा चोरीको प्रयास असफल

प्रस, सिम्रौनगढ, ११ चैत/

सिम्रौनगढ नगरपालिका–६ सानो इटवाल सडकमा रहेको कुशवाहा हार्डवेयरमा बिहीवार राति चोरीको प्रयास भएको छ ।




कुशवाहा हार्डवेयर र इन्सेटमा चोरहरू । तस्वीरः प्रतीक

दुईजना चोर छतबाट भऱ्याङको बाटो भई प्यासेजमा पसेर शटर तोड्दै गर्दा आवाज आएपछि छिमेकीले पसलधनीलाई खबर गरेका थिए । पसलधनी मोहन कुशवाहा पसलमा पुगेपछि चोरहरू आफ्नो औजार छाडेर भागेका थिए ।

चोरहरूको तस्वीर पसलको सिसिटिभी क्यामराले कैद गरेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक दीपक सुवेदीले बताए ।

### सातजना महिलासहित....

रीमादेवी कुशवाहा, नागरिक समाजका डा अरविन्द कुशवाहा, समाजसेवी किशोरी साह कलवार, डा परमानन्द मुखिया, सञ्चारकर्मी रामेश्वर मेहता, शेख मुतिम, दीपेन्द्र कुशवाहालगायतको सहभागिता थियो ।

कार्यक्रममा रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डे, उपशाखाकी उपाध्यक्ष निशापति देवी, सचिव प्रदीप कुशवाहा, उपसचिव प्रभु गिरी, कोषाध्यक्ष प्रेमचन्द्र दास, सदस्य वीरबहादुर कुशवाहा, हरेन्द्र दास, सन्दीप कुमारलगायतले सहयोग गरेका थिए ।




**सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...**

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | | |